# सूर्योदय नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ को वार्षिक नीति तथा कार्यक्रमहरू

नगरसभाबाट स्वीकृत मिति: २०८१।०१।१६ गते

## १. आर्थिक विकास क्षेत्र

### उपक्षेत्र १ : कृषि तथा खाद्य सुरक्षा

**१. आधुनिकीकरण, व्यावसायीकरण र यान्त्रिकीकरण**

माटो परीक्षण प्रयोगशालाको विस्तार गरी माटोको प्रकार, गुणस्तर र जलवायु अनुकूल खेतीका लागि Digital Soil Mapping गरी उपयुक्त खेती प्रणालीका लागि प्राविधिक सेवा उपलब्ध गराइनेछ । कृषि उपजको बजारीकरणका लागि कृषकले आफ्नो लगानीका आधारमा उत्पादनको उचित मूल्य पाउन सक्ने गरी सूचना प्रविधिको प्रयोग गरिनेछ।बीउ, औजार, प्रविधि, उत्पादन, भण्डारण, प्रारम्भिक प्रशोधन र बजारीकरण सम्बन्धी कार्यहरू गर्न सङ्घीय तथा प्रादेशिक सरकारसँग समन्वय र सहकार्य गरिनेछ। जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा आउन सक्ने रोग, महामारी र विपद् जोखिमलाई न्यूनीकरण गर्न बाली-बीमा तथा जलवायु अनुकूलन पूर्वतयारी कार्यक्रम सञ्चालन गरिनेछ। कृषि अनुसन्धान सम्बन्धी कार्यक्रम अगाडी बढाइनेछ।

**२. अनुदान र सहायता :**

मागको आधारमा नभई उत्पादनको आधारमा कृषि व्यवसायीलाई अनुदान प्रदान गर्ने नीति लिइनेछ। कृषि बीमा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ। "सबै कृषकहरूको पहुँच र पहिचान, व्यवसायिक कृषकहरूको संरक्षण र सम्मान" भन्ने नारा अगाडि वढाउँदै प्राङ्गारिक खेती गर्ने किसानहरू सूचीकरण गरी नक्साङ्कन र सर्वेक्षण गरिनेछ साथै कृषकको वर्गीकरण गरी किसान परिचयपत्र लागू गरिनेछ। कृषि सचेतना, कृषि प्रचार-प्रसारको निम्ति पत्रपत्रिका, रेडियो, टिभी मार्फत विभिन्न सूचनामूलक सामग्रीहरू समावेश गरी प्रकाशन, प्रसारण र संवाद गरिने नीति लिइनेछ।

**३. खाद्य सुरक्षा र आत्मनिर्भरता :**

कृषि उत्पादनका लागि आवश्यक शीतभण्डार, सङ्कलन केन्द्र, बिक्री केन्द्रजस्ता पूर्वाधार विकास गरिनेछ। चिया, इस्कुस र अन्य स्थानीय कृषि उपजको बजार व्यवस्थापन गर्न सहजीकरण भूमिका खेलिनेछ। व्यावसायिक र विशिष्टीकृत कृषिको विकास गरी खाद्यान्न र उच्च मूल्यका बालीहरूको उत्पादन र उत्पादकत्वमा वृद्धि

गरिनेछ। कृषि क्षेत्रमा लगानी अभिवृद्धि गरी माटो, जलवायु, बजार अनुकूल उत्पादन र उत्पादकत्व वृद्धि गरी कम्तीमा एक उत्पादनमा आत्मनिर्भरता हासिल गरिनेछ।

**४. बजारीकरणका लागि सहजीकरण**

कृषि उपजको न्यूनतम समर्थन मूल्य निर्धारण र बजारीकरणको व्यवस्था गरिनेछ। कृषि पर्यटन प्रवर्द्धन गर्न सङ्घ, प्रदेश र निजी क्षेत्र समेतको सहकार्यमा जोड दिइनेछ। अर्गानिक कृषि उत्पादनलाई प्रोत्साहन गर्न कृषि वस्तुको प्रमाणीकरण र ब्रान्डिङ्ग गरी बजारीकरण गर्न तीनै तहका सरकार, निजी क्षेत्र तथा सङ्घ संस्थासँग सहकार्य गरिनेछ। कृषिजन्य वस्तुको बजारीकरणको लागि नगर स्तरीय बिक्री तथा सङ्कलन केन्द्र साथै कृषि एम्बुलेन्सको व्यवस्थापन गरी प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। प्राङ्गारिक कृषिको प्रवर्द्धन र प्रोत्साहन गर्दै उत्पादित कृषि उपजलाई प्राथमिकता दिई बजारीकरणका लागि स्थापना गरिएको साझा सुविधा केन्द्रलाई थप प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

**५. बाली विविधीकरण**

नगरपालिका क्षेत्रमा नगदे बालीका रूपमा रहेका चिया, अलैंची, अदुवा, बेसार आदिको उत्पादन र बजार प्रवर्द्धन गर्न पहल गरिनेछ। सूर्योदय नगरपालिका भित्र हावापानी र भूगोलका आधारमा पुष्प व्यवसाय प्रवर्द्धन गर्ने नीति लिइनेछ। रैथाने वाली, बीऊविजन, नश्ल तथा कृषि र पशुपंक्षी जन्य जैविक विविधता संरक्षणमा समुदायलाई

प्रोत्साहन
गरिनेछ। रैथाने बालीको संरक्षण र प्रवर्द्धन गरिने छ।

**६. क्षमता विकास**

कृषकको क्षमता विकास गर्न आवश्यक तालिम र सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। वडा र टोल विकास संस्थासँगको साझेदारीमा कृषि, पशुपालन, उद्यम व्यवसाय र गरिबी निवारण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ। वडास्तरसम्म कृषि तथा पशुपंक्षी क्षेत्रका प्राविधिक जनशक्ति परिचालन गरिनेछ। स्थानीय कृषकहरूलाई स्रोत व्यक्तिको रूपमा विकास गरी असल अभ्यासका अनुभव आदानप्रदान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

**७. एकीकृत कृषि गुरुयोजना**

दिगो कृषि प्रवर्द्धनका लागि कृषि क्षेत्रको एकीकृत गुरुयोजना निर्माण गरिनेछ। आवधिक योजना तथ्याङ्क सङ्कलन तथा बाली पात्रो निर्माण गरी सो अनुसार किसानहरूले अधिकतम लाभ प्राप्त गर्ने गरी अभ्यास गराउने नीति लिइनेछ।

**<u>उपक्षेत्र २ : सिँचाई</u>**

**८. सिँचाइ सुविधा विस्तार**

नगर क्षेत्र भित्रका कृषि योग्य जमिनमा सिँचाइ सुविधा विस्तार गर्न सङ्घ, प्रदेश, स्थानीय तह र दातृ निकाय समेतको साझेदारी र सहकार्यमा आयोजनाको कार्यान्वयनलाई निरन्तरता दिइनेछ। सिंचाई क्षेत्रका आयोजना पहिचान, छनौट, कार्यान्वयन, सञ्चालन र सेवाको लागि एकद्वार प्रणाली अवलम्वन गरिनेछ। भौगोलिक अवस्था र पानीको स्रोतको आधारमा उपयुक्त सिचाई प्रविधि मार्फत वर्षैभरी सिचाई सुविधा उपलब्ध गराइनेछ। वर्षाको पानी जम्मा गरी सुख्खा याममा सिँचाइमा प्रयोग गर्नका लागि नमूना आयोजनाको सम्भाव्यता अध्ययन गर्न परियोजनासँग समन्वय गरिनेछ।

**९. साना तथा मध्यम सिँचाई परियोजनाहरू**

साना सिँचाइ आयोजनाहरूको पहिचान, छनोट, कार्यान्वयन, सञ्चालन र सेवाका लागि एकद्वार प्रणाली अवलम्बन गरिनेछ। साना, र मझौला सिँचाइ आयोजना पहिचान गरी सिँचाइ योजना कार्यक्रमलाई अगाडि बढाइनेछ। सिँचाइ विकास योजना तर्जुमा गरी जलवायु परिवर्तनलाई अनुकूल हुने गरी विस्तार गर्ने नीति लिइनेछ।

**१०. सिँचाइ सुविधाको मर्मत सम्भार र व्यवस्थापन**

सम्पन्न सिँचाइ आयोजनाको मर्मत सम्भार, पुराना नहर र कल्भर्टको व्यवस्था र मुहान संरक्षण गर्ने कार्य अवलम्बन गरिनेछ। सिँचाइ आयोजनाको नियमित मर्मत सम्भार र दिगो व्यवस्थापनका लागि जल उपभोक्ता संस्थालाई जिम्मेवार बनाइनेछ।

**<u>उपक्षेत्र ३ : पशुपन्छी विकास</u>**

**११. पशुधन विकास र उत्पादन**

हरियो घाँसमा आधारित पशुपालनमा जोड दिइनेछ। उन्नत जातका व्यावसायिक गाईपालन र पौष्टिक पशु दाना र घाँसको सहयोग मार्फत दूध उत्पादन बढाउन प्रोत्साहित गरिनेछ। स्थानीय हावापानी अनुकूल पशुपालनलाई प्रोत्साहन गर्ने र पशु स्वास्थ्य सेवामा सुधार गरिनेछ। मत्स्यपालन कार्यक्रमलाई व्यवसायीकरण गरी पशुपालनका लागि किसान समूह र सहकारीसँग सहकार्य गरिनेछ। पशुमा उन्नत नश्ल सुधार कार्यक्रम सञ्चालन गरिनेछ। उत्पादन प्रवर्द्धनको निम्ति तालिम, बीउ पुँजी लगायतका सहयोग उपलब्ध गराइनेछ।

**१२. आत्मनिर्भरता र बजारीकरण :**

वंगुर, कुखुरा, माछा लगायत अन्य मासुजन्य उत्पादनमा नगरपालिकालाई आत्मनिर्भर बनाउनका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ। दूधबाट उत्पादित वस्तुहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारीकरणको निम्ति सङ्घीय र प्रादेशिक सरकार साथै उद्योगी एवम् व्यवसायीहरूसँग सहकार्य गरिनेछ। पशु बीमा गर्न किसानहरूलाई प्रोत्साहन गरिनेछ।

**१३. रोग नियन्त्रण र रोकथाम**

पशुधन र जनस्वास्थ्यको रक्षा गर्न पशु रोग नियन्त्रण सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ। पशु रोगहरूको निदान, रोकथाम र नियन्त्रणका लागि खोप अभियान सञ्चालन गरिनेछ। खोरेत रोग मुक्त नगरपालिका बनाउन खोप अभियान, सीमा सुरक्षा लगायतका कार्य अघि बढाइनेछ। नगरमा गुणस्तरीय पशुपंक्षी प्रयोगशालाको स्थापना तथा सञ्चालन गरिनेछ। समुदायमा रहेको छाडा कुकुरहरूको व्यवस्थापनका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

**१४. प्राविधिक विकास र यान्त्रिकीकरण**

कृषि यान्त्रिकीकरण र गोठ सुधार सहित पशुपालनको व्यवसायीकरण गर्ने कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ।

**१५. समन्वयमा कार्यक्रम सञ्चालन**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत पकेट/ ब्लक/ जोन कार्यक्रमलाई सहकार्य र समन्वय गरी कार्यान्वयन गरिनेछ। पशुपालनका लागि नश्ल सुधार लगायतका अन्य कार्यक्रमहरू सञ्चालन गर्न सङ्घीय तथा प्रदेश सरकार साथै विकास साझेदारहरूसँग सहकार्य गरिनेछ। नगर क्षेत्रमा प्रयोग भइरहेको पशु दानाहरूको गुणस्तर मापन गर्न आवश्यक समन्वय गरिनेछ। निजी सेवा प्रदायकहरूसँगको सहकार्यमा खोप कार्यक्रम, कृत्रिम गर्भाधान लगायतका अन्य कार्यक्रमहरू सञ्चालन गरिनेछ।

## उपक्षेत्र ४: उद्योग तथा व्यापार

**१६. व्यापार सुशासन र संरक्षण**

व्यापार सुशासन र संरक्षणका लागि उद्योग, व्यवसायी सङ्घ र संस्थाहरूसँग सहकार्य र समन्वयको नीति अवलम्बन गरिनेछ। गुणस्तरीय र प्रतिस्पर्धी उत्पादन र भरपर्दो व्यवसाय सञ्चालनलाई प्रोत्साहन र प्रवर्द्धन गरिनेछ।

**१७. पूर्वाधार विकास**

रोजगारी सिर्जना गर्ने उद्योग स्थापना भएको स्थानसम्म आधारभूत पूर्वाधार निर्माण गर्न सहजीकरण गरिनेछ।

**१८. उद्योगहरूको अनुगमन र प्रोत्साहन**

स्थानीय तहमा उपलब्ध स्रोत र कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्योगलाई प्राथमिकतामा राखी प्रवर्द्धन गरिनेछ। वैदेशिक रोजगारीबाट फर्केका नवप्रवर्तनशील , अनुभवी तथा दक्ष उद्यमशील युवाहरूलाई उद्योग व्यवसाय सुरु गर्नका लागि अनुकूल वातावरण सिर्जना गरिनेछ।

**१९. रोजगारी सृजना र सीप विकास**

बजारको मागअनुसार गुणस्तरीय र प्रतिस्पर्धी उत्पादनलाई प्रोत्साहन गरी रोजगारीका अवसरहरू सिर्जना गरिनेछ। युवा उद्यमशीलता विकास र रोजगारी सिर्जना गर्न औद्योगिक जनशक्ति निर्माण गर्न सहकार्य र समन्वयमा सीप विकासका विभिन्न तालिम तथा कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**२०. साना उद्यमहरूको लागि सहायता**

साना उद्यमहरूलाई सहयोग गर्न उद्यम विकास कोषको सञ्चालनलाई निरन्तरता दिइनेछ। सूर्योदय नगर क्षेत्रमा व्यवसाय गर्न चाहने साना किसानलाई विभिन्न बैंक तथा वित्तीय संस्थामा सहज ऋण उपलब्ध गराउन आवश्यक समन्वय र पहल गरिनेछ। सहकारी संस्थाहरूसँग स्थानीय कच्चा पदार्थमा आधारित उद्योग व्यवसाय प्रवर्द्धन गरिनेछ।

**२१. चिया परीक्षण तथा प्रवर्द्धन केन्द्र**

चिया उद्योगको प्रवर्द्धनको लागि निर्माण गरिएको चिया परीक्षण, अनुसन्धान तथा प्रवर्द्धन केन्द्र (Tea Testing, Research and Promotion Center ) लाई सङ्घ, प्रदेश तथा निजी उद्योगीहरूको सहकार्यमा सञ्चालन गरिनेछ।

**उपक्षेत्र ५ : पर्यटन तथा संस्कृति**

**२२. एकीकृत पर्यटन गुरुयोजना**

नगर क्षेत्रभित्र नयाँ पर्यटकीय स्थल र पर्यटकीय उत्पादनको पहिचान र विस्तार गरी पर्यटनको विकास र प्रवर्द्धनका लागि एकीकृत पर्यटन गुरुयोजना तयार गरी पर्यटनको विकास र विविधीकरण गर्न सबैसँग सहकार्य गरिनेछ। सार्वजनिक तथा निजी क्षेत्रको लागत साझेदारीमा संयुक्त प्रवर्द्धनात्मक कार्य सञ्चालन गरिनेछ।

**२३. पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने**

सूचीकृत पर्यटकीय गन्तव्यको थप प्रचार प्रसार गरिनेछ साथै नगर क्षेत्रभित्रका पर्यटकीय महत्वका ठाउँहरू व्यवस्थित रूपमा विकास गर्दै सर्वकालीन पर्यटकीय गन्तव्य (सबै मौसमका लागि पर्यटक स्थल) का रूपमा विकास गर्ने नीति लिइनेछ । स्रोत र पर्यटकीय पूर्वाधारको विकास र निर्माणको क्रममा प्राकृतिक साधनको उपयोग गर्दा वातावरण संरक्षण गर्दै त्यस्ता स्रोत र साधनको दिगो रूपमा उपयोग गरिनेछ। साहसिक पर्यटनका नयाँ विधाहरूको प्रवर्द्धन र विस्तार गरिनेछ।

**२४. गुणस्तरीय पर्यटन अभ्यास**

गुणस्तरीय पर्यटन अभ्यास कार्यान्वयन गरिनेछ। होटल, होमस्टे र अन्य पर्यटनसँग सम्बन्धित संस्थाहरूको अनुगमन र नियमनलाई थप व्यवस्थित गरिनेछ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुसारका होटल तथा अन्य व्यवसाय स्थापना र सञ्चालन गर्न सहजीकरण गरिनेछ। लोकप्रिय व्यक्तिहरूलाई आमन्त्रण गरी पर्यटन क्षेत्रको प्रवर्द्धन गरिनेछ। नगरको भूगोल, कला, साहित्य, भाषा, संस्कृति र पर्यटनको प्रवर्द्धन गर्न उत्कृष्ट योगदान पुऱ्याउने नगरवासी वा अन्य व्यक्तिहरूलाई सम्मान प्रदान गरिनेछ। नगर क्षेत्रभित्र सञ्चालनमा रहेका होटल तथा होमस्टे व्यवसायहरूको सेवाको स्तर अनुरूप वर्गीकरण गरी नियमन गर्नका लागि आवश्यक प्रबन्ध गरिनेछ।

**२५. परम्परागत र आधुनिक प्रविधिको प्रवर्द्धन**

पर्यटन विकासका लागि पुरातन र अत्याधुनिक प्रविधिको प्रवर्द्धन गरिनेछ। सूर्योदय नगरपालिका क्षेत्रमा रहेको पर्यटन सूचना केन्द्रलाई थप व्यवस्थित तुल्याउँदै पर्यटन सेवाको सङ्ख्यात्मक तथा गुणात्मक अभिवृद्धिका लागि विद्युतीय सूचना प्रणाली स्थापना गरी सञ्चालनमा ल्याइनेछ।

**२६. साँस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन**

जैविक, सांस्कृतिक विविधता र प्राकृतिक सौन्दर्यले भरिपूर्ण नगर क्षेत्रभित्रका नयाँ पर्यटकीय गन्तव्यको पहिचान गरी सो को संरक्षण र प्रवर्द्धन गरिनेछ ।पर्यटकीय गन्तव्यको विकास र विस्तार गरी आधारभूत सेवा सुविधा सुनिश्चित गरिनेछ। ऐतिहासिक तथा पुरातात्विक महत्वका सांस्कृतिक, धार्मिक, विविध भाषा, कला र सम्पदाको संरक्षण र संवर्द्धन गर्दै माग अनुसार पर्यटन पूर्वाधार र सेवा विस्तार गर्ने नीति लिइनेछ।

**२७. ग्रामीण पर्यटन तथा सरसफाई अभियान**

ग्रामीण पर्यटनलाई पर्यटन व्यवसायको उपक्षेत्रका रूपमा प्रवर्द्धन गर्न र फोहोरमैला व्यवस्थापन गर्न **सफा घर सुन्दर आँगन** अभियान सञ्चालन गर्ने नीति लिइनेछ । नगर क्षेत्रभित्र सामुदायिक पिकनिक स्थल, चलचित्र सुटिङ स्थलको विकास र प्रवर्द्धन गर्न पहल गरिनेछ।

**२८. सामुदायिक होमस्टे र परम्परागत मनोरञ्जन**

सामुदायिक होमस्टेलाई सांस्कृतिक नृत्य देखाउन, स्थानीय मौलिक परिकारको व्यवस्था गर्न र पाहुनाको मनोरञ्जनका लागि मापदण्डअनुसार सञ्चालन गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ ।सम्भाव्यता अध्ययन गरी कृषि पर्यटन, चिया पर्यटन, शैक्षिक पर्यटन, मौलिक पर्यटन जस्ता क्षेत्रमा पर्यटनलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने नीति लिइनेछ।

**२९. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन प्रवर्द्धन**

नगरपालिकाका पर्यटकीय गन्तव्यहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ। पर्यटन व्यवसायीहरूबाट पर्यटकहरूलाई उपलब्ध गराइने सेवा र सुविधालाई गुणस्तरीय बनाउन Digital Marketing Platform तयार गर्न सहजीकरण गरिनेछ। पर्यटन सेवाको सङ्ख्यात्मक तथा गुणात्मक अभिवृद्धिका लागि मानव संशाधनको विकास तथा व्यवस्थापन, तथ्याङ्क सङ्कलन जस्ता कार्यक्रमहरू निजी क्षेत्रसँगको सहकार्य तथा समन्वयमा सञ्चालन गरिनेछ।

**उपक्षेत्र ६ : भूमि व्यवस्था सहकारी तथा वित्तीय व्यवस्था**

**३०. सहकारी विकास नीतिहरू**

एक वडा एक विषयगत सहकारी संस्थाको नीति अवलम्बन गरिनेछ। सबै सहकारीहरूलाई एकीकृत सहकारी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा आबद्ध गरिनेछ। सहकारीको प्रभावकारी नियमनका लागि एकीकृत अनुगमन प्रणालीको विकास गरिनेछ। सहकारीलाई एकीकरण गर्ने नीति अवलम्बन गरिनेछ। सहकारीको संस्थागत क्षमता, वित्तीय साक्षरता, पुँजी निर्माण र उद्यमशीलता विकासमा टेवा पुऱ्याउने नीति लिइनेछ। सहकारीलाई सहुलियत पूर्ण कर्जा र अनुदान योजनामा पहुँच बढाउन सहजीकरण गर्ने नीति लिइनेछ। सञ्चालनमा रहेका सहकारी संस्थाको क्षमता अभिवृद्धि, संस्थाको सुदृढीकरण र दक्षता अभिवृद्धि गर्ने नीति लिइनेछ। सहकारीको पूँजी र लगानीलाई व्यावसायिक कृषि, पर्यटन, उत्पादन तथा प्रशोधन क्षेत्रमा परिचालन गर्न सहयोग गर्ने नीति अवलम्बन  गरिनेछ।

**३१. वित्तीय समावेशीकरण र साक्षरता**

नगरवासीहरूलाई बैंक तथा वित्तीय संस्थामा सहज पहुँच पुऱ्याउन वित्तीय साक्षरता विस्तार र औपचारिक कारोबारलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

**३२. भूउपयोग योजना र भूमि प्रशासन:**

जग्गासम्बन्धी समस्या समाधान गर्न सहजीकरण गर्ने नीति लिइनेछ। भू उपयोग नीति र कानुनी व्यवस्थाका आधारमा भू उपयोग योजना तर्जुमा गरिनेछ। स्थानीय भू–उपयोग परिषदले स्वीकृत गरेको भू–उपयोग योजना अनुसार भूमिको  प्रयोग गरिनेछ। नगर भित्रका सार्वजनिक जग्गा र खोल्सा खोल्सीको पहिचान र संरक्षण गरी अतिक्रमलाई नियन्त्रण गरिनेछ। मालपोत तथा नापी सम्बन्धी आधारभूत सेवा नगरपालिकाबाटै एकीकृत रूपमा प्रदान गर्न पहल गरिनेछ। सरकारी, सार्वजनिक र सामुदायिक जग्गाको स्रेस्ता बमोजिम विद्युतीय लगत तयार गरिनेछ। नाप नक्सा सम्बन्धी कार्यलाई थप व्यवस्थित र प्रविधियुक्त बनाइनेछ। भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापनका लागि आवश्यक समन्वय र सहकार्य गरिनेछ।

**३३. महिलालाई प्राथमिकता:**

समानताको आधारमा महिला किसानको भूमिमा अधिकार कायम गरिनेछ र महिला किसानको एकल वा संयुक्त स्वामित्व कायम गर्ने विषयलाई प्राथमिकता दिइनेछ।

**उपक्षेत्र ७ :  श्रम तथा रोजगारी**

**३४. रोजगारी सिर्जना र श्रम बजार विस्तार:**

सरोकारवाला निकायहरूसँग समन्वय गरी रोजगारीको क्षेत्र विस्तार र रोजगारीको थप अवसर सिर्जना गर्न एकीकृत प्रयास गरिनेछ। आन्तरिक श्रम बजारको विश्लेषण र स्थानीय रोजगारीको अवस्था अध्ययन गरी दिगो,

समावेशी, मर्यादित एवं व्यवस्थित श्रम बजार सुनिश्चित गरिनेछ। रोजगार र उद्यमशीलता-उन्मुख स्वरोजगारको लागि सीप, पुँजी र व्यावसायिक तालिम उपलब्ध गराउनका साथै लगानी योग्य पुँजी व्यवस्थापनका लागि वातावरण निर्माण गरिनेछ।

**३५. श्रम अधिकार र कल्याण:**

नगरपालिका क्षेत्रका सङ्गठित उद्योगमा कार्यरत कामदारहरूका लागि प्रचलित कानूनले तोकेको न्यूनतम पारिश्रमिक दर लागू गर्न पहल गरिने छ। नगर क्षेत्रका सङ्गठित र असङ्गठित क्षेत्रमा काम गर्ने श्रमिकलाई परिचयपत्र उपलब्ध गराइनेछ। श्रमिकहरूलाई सामूहिक दुर्घटना बीमा कार्यक्रममा आबद्ध गराउन पहल गरिनेछ। नगरपालिका क्षेत्रमा विभिन्न सीप तथा श्रममा आबद्ध सीप युक्त तथा दक्ष/अर्धदक्ष नेपाली नागरिक श्रमिकहरूको पहिचान गरी सूचीकृत गरिनेछ। सूचीकृत बेरोजगार व्यक्तिहरूलाई श्रम बजारको माग अनुरूप थप दक्ष तथा सक्षम जनशक्तिका रूपमा विकास गर्न आवश्यक व्यवसायिक तथा सीपमूलक तालिमको पहिचान गरी तालिम दिने व्यवस्था मिलाइनेछ। श्रमिकको न्यूनतम पारिश्रमिक र व्यवसायिक स्वास्थ्य तथा सुरक्षा सम्बन्धी मापदण्डहरू लागू गरिनेछ।

**३६. वैदेशिक रोजगारी र पुन:एकीकरण :**

वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, व्यवस्थित र दक्षतायुक्त बनाउन आवश्यक कार्य गरिनेछ। वैदेशिक रोजगारी बाट फर्केका तथा रोजगारी गुमाएका युवाहरूलाई स्वरोजगारमूलक, व्यवसायिक तथा उद्यमशील कार्यमा संलग्न गर्न/ गराउन सीप तथा क्षमता अभिवृद्धि, प्राविधिक तथा वित्तीय र अन्य पूर्वाधार जन्य विकास सहायताका लागि आवश्यक पहल गरिनेछ। वैदेशिक रोजगारबाट प्राप्त सीप प्रमाणीकरण गरी ज्ञान, अनुभव र पुँजीलाई उद्यमशिलता विकासमा उपयोग गरिनेछ। वैदेशिक रोजगारी बाट फर्किएका व्यक्तिहरूको सामाजिक तथा आर्थिक पुन: एकीकरणका कार्यलाई सङ्घ, प्रदेश सरकार र विकास साझेदारहरूसँगको समन्वय र सहकार्यमा निरन्तरता दिइनेछ।

**३७. रोजगार सेवा:**

श्रम तथा रोजगार प्रवर्द्धन शाखालाई सङ्गठनात्मक संरचना अनुरुप व्यवस्थित गरी एकीकृत श्रम तथा रोजगार सेवा प्रवाह गरिने छ। नगरपालिकाका विभिन्न योजना तथा सार्वजनिक विकास निर्माणका कार्यमा श्रममूलक प्रविधिको प्रयोगलाई प्राथमिकता दिई सूचीकृत स्थानीय बेरोजगारलाई रोजगारी उपलब्ध गराइनेछ। विकास निर्माणका आयोजना तथा कार्यमा स्थानीय श्रम, सीप, प्रविधि तथा साधनको अधिकतम उपयोगलाई प्रोत्साहन गरिनेछ। बेरोजगार व्यक्तिको तथ्याङ्क अद्यावधिक गर्दै नगरपालिका क्षेत्रभित्रका रोजगारदाताको तथ्याङ्क सङ्कलन गरी रोजगार विनिमय सेवा प्रदान गर्न उपलब्ध संयन्त्र (अनलाइन/ रोजगार व्यवस्थापन सूचना प्रणाली ) को प्रभावकारी सञ्चालन गरिनेछ।

**३८. आप्रवासी कामदारको सशक्तीकरण:**

रोजगारीका लागि विदेश गएका व्यक्तिहरू र वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको पार्श्व-चित्र तयार गरिनेछ। सुरक्षित आप्रवासन आपतकालीन कोष प्रयोग गरिनेछ। आप्रवासी कामदारको क्षमता अभिवृद्धिलाई निरन्तरता दिई आप्रवासी कामदार सञ्जाल र आप्रवासी बहुउद्देश्यीय सहकारीलाई प्रवर्द्धन गरिनेछ। वैदेशिक रोजगार बोर्डमा सूचीकृत भई सञ्चालनरत आप्रवासी स्रोत उप-केन्द्रलाई थप व्यवस्थित गर्न आवश्यक पूर्वाधार एवं जनशक्तिको व्यवस्था गरिनेछ। मानसिक स्वास्थ्य तथा मनोसामाजिक स्वास्थ्यसँग सम्बन्धित नीति तर्जुमा गरी सो सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ।

**३९. पूर्वाधार विकासमा रोजगारी :**

प्रधानमन्त्री रोजगार कार्यक्रमसँगको साझेदारीमा तालिम सहितको रोजगारी कार्यक्रमहरू सञ्चालन गरिनेछ। युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना र कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गर्न आवश्यक पर्ने निर्माण सामाग्री, औजार तथा श्रमिक सुरक्षा सामाग्रीहरू खरिद गर्न बजेटको व्यवस्था गरिनेछ।

**उपक्षेत्र ८: गरिबी निवारण**

**४०. स्व-रोजगार र उद्यमशीलता विकास**

स्वरोजगार कार्यक्रम अन्तर्गत कृषि, पशुपालन, साना तथा घरेलु उद्योग, कालिगड तथा सीप अभिवृद्धि कार्यक्रम, कृषि उपज सङ्कलन, हाट बजार व्यवस्थापनमा सहकारी संस्थाहरूलाई प्राथमिकता दिने नीति लिइनेछ।

**४१. शहरी गरिबी न्यूनीकरण र सामाजिक पूँजी निर्माण**

नगर क्षेत्रका विभिन्न समूहबीच सहकार्य गरी शहरी गरिबी न्यूनीकरण र सामाजिक पुँजी निर्माणमा जोड दिने नीति लिइनेछ ।गरिबी निवारणका लागि साझेदारी, सहकार्य र समन्वयमा लघु उद्यमशीलता विकास र सीप विकास कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।विगतका वर्षहरूमा गरिबी निवारणका लागि सञ्चालन भएका उद्यम विकास कार्यक्रमहरूलाई पुन:स्फूर्त तालिम र रोजगारीसँग जोड्ने नीति लिइनेछ।

**४२. गरिबी पहिचान र लक्षित कार्यक्रमहरू**

गरिबी निवारण सम्बन्धी स्थानीय नीति र पहिचान मापदण्ड तयार गरी दिगो विकास लक्ष्यका पाँच खम्बा र सत्र लक्ष्य हासिल गर्न सक्ने कार्यक्रमहरू तयार गरिनेछ। विपन्न परिवारको पहिचानका लागि सङ्कलन भएका तथ्याङ्कका आधारमा परिचयपत्र वितरण सम्पन्न गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।गरिबी पहिचान गरी गरिबका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने नीति लिइनेछ। गरिबलाई लक्षित गरी रोजगारी तथा स्वरोजगार सीप विकास तालिम तथा शिक्षा कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।

## **२. सामाजिक क्षेत्र**

**उपक्षेत्र १ : शिक्षा, भाषा, कला तथा साहित्य**

**४३. समावेशी शिक्षा, शैक्षिक समता र समावेशीकरण**

- सर्वसुलभ गुणस्तरीय शिक्षाको अवधारणा बमोजिम शिक्षालाई अगाडि बढाइनेछ। विद्यालय उमेर समूहका सबै बालबालिकाहरूलाई भर्ना गराउने र टिकाउने दर शत प्रतिशत पुऱ्याउन अभियान सञ्चालन गरिनेछ।
- अनिवार्य र नि:शुल्क शिक्षाका लागि आवश्यक मापदण्ड तथा कार्यक्रम तयारी गरिने छ। साथै अभिभावकत्व ग्रहण र आर्थिक संरक्षण गर्नुपर्ने बालबालिकाका लागि विशेष व्यवस्था मिलाइने छ।
- कक्षा ८ को तुलनामा कक्षा ९ मा विद्यार्थी टिकाउ दर समान गराइने छ। कक्षा १० को सामुदायिक विद्यालयको उत्तीर्ण प्रतिशत वृद्धि गरिने छ। बाल बचत कार्यक्रमलाई थप प्रभावकारी बनाई सबै विद्यार्थीले कम्तीमा माध्यमिक तह पुरा गर्ने व्यवस्था मिलाइने छ। अति विपन्नताको कारणले विद्यालय जान नसक्ने अवस्था भएका विद्यार्थी, पारिवारिक द्वन्द्व, विपद् वा समस्यामा परेका बालबालिकाको शिक्षाको हक सुनिश्चितताका लागि पोशाक, शिक्षण सामग्री लगायतको व्यवस्था गरिनेछ।
- निर्माण हुने भवन र शौचालय बाल मैत्री तथा अपाङ्ग मैत्री रूपमा निर्माण गरी कक्षाहरूलाई धूलोरहित बनाउँदै लगिने छ।
- सुस्त श्रवण विद्यालयमा दक्ष जनशक्ति व्यवस्थापन गरी विशेष क्षमता भएका बालबालिकाको सिकाईमा प्रोत्साहन गरिनेछ। विविध कारणवश विद्यालय भर्ना हुन नसकेको तर निजी रुपमा अध्ययन गरेको व्यक्तिलाई सम्बन्धित वडाले गरेको सिफारिसको आधारमा निजको क्षमता र स्तरको जाँच परीक्षण गरी विद्यालयले मापदण्ड बनाई कक्षा ८ सम्म भर्ना परीक्षा दिन पाउने आवश्यक व्यवस्था मिलाइनेछ।
- प्राविधिक तथा व्यावसायिक शिक्षाको योजना तर्जुमा, सञ्चालन तथा नियमन गरिनेछ, साथै औपचारिक शिक्षाबाट बञ्चित नागरिकका लागि अनौपचारिक शिक्षाको प्रबन्ध गरिनेछ।

- बालबालिकाको स्वास्थ्य पोषण तथा दिवा खाजा व्यवस्थापनलाई प्राथमिकतामा राखी आमा समूह गठन तथा अभिभावक क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने छ।
- सबै प्रकारका बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि विद्यालयका शिक्षकहरूका लागि मनोसामाजिक परामर्श सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ।
- सामुदायिक विद्यालयका हरेक अभिभावकका लागि अभिभावक शिक्षा स्वास्थ्य पोषण र दिवा खाजा व्यवस्थापन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ।

**४४. विद्यालय शिक्षकको क्षमता विकास**

- शिक्षा क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता विकासका कार्यक्रमहरूको सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- गणित तथा विज्ञान जस्ता विषयको सिकाइ उपलब्धी वृद्धि गर्नका लागि आधारभूत तहका शिक्षकहरूलाई कक्षाकोठामा आधारित तालिम सञ्चालन गरिनेछ। हरेक विषयका रोष्टर प्रशिक्षकको चयन गरी प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरिने तथा रोष्टर प्रशिक्षक मार्फत विषयगत रुपमा देखिएका शैक्षिक समस्या समाधान गर्न शिक्षकहरूलाई सहयोग शैक्षिक सुपरीवेक्षणको वैज्ञानिक पद्धति लागू गरिनेछ।
- MGML कक्षा शिक्षण सिकाईलाई अन्य सामुदायिक विद्यालयहरूमा पनि विस्तार गर्दै लगिनेछ।
- आधारभूत तह (कक्षा १-५)का स्थायी शिक्षकहरूको पेशागत विकास तालिम सञ्चालन गरिनेछ।
- सेवा निवृत्त शिक्षकहरूको अनुभव, योग्यता र क्षमतालाई नगरको विकास र समृद्धिमा उपयोग गरिनेछ।

**४५. छात्रवृत्ति**

- "सूर्योदय नगरपालिकाको इच्छा : छोरी बुहारीलाई शिक्षा" भन्ने अभियानलाई अगाडि बढाई स्नातक तहमा अध्ययन गर्ने छोरी बुहारीलाई छात्रवृत्ति उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ। विपन्न जेहेन्दार गरिब , अपाङ्गता भएका बालबालिका दलित तथा लोपोन्मुख जातिको उच्च शिक्षामा पहुँच विकास गर्नका लागि छात्रवृत्तिको दायरा विस्तार गरी थप छात्रवृत्ति प्रदान गरिने छ। साथै छोरी बुहारीहरूलाई स्नातक उत्तीर्ण गरे पश्चात् एक सय दिनको रोजगारीको अवसर उपलब्ध गराइनेछ।
- मेयर शिक्षा सुधार कोष मार्फत एस इ इ भन्दा माथि प्राविधिक व्यावसायिक विषय तर्फ अध्ययनरत जेहेन्दार उत्कृष्ट विद्यार्थीहरूलाई विशेष छात्रवृत्ति कार्यक्रम उपलब्ध गराइने छ। नगरभित्र सामुदायिक विद्यालयबाट SEE परीक्षा तथा कक्षा १२ को परीक्षामा A+ ग्रेड ल्याई उत्तीर्ण हुने गरिब तथा जेहेन्दार विद्यार्थीहरूको निम्ति छात्रवृत्तिको व्यवस्था गरिने तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका लागि गरिब विपन्न परिवारका जेहेन्दार विद्यार्थीलाई निश्चित मापदण्डका आधारमा छनौट तथा सिफारिस गरी छात्रवृत्ति उपलब्ध गराइने छ।
- सामुदायिक विद्यालयमा आधारभूत कक्षा १-८ मा अभिभावक गुमाएका तथा अन्य संरक्षकको आवश्यकता पर्ने विद्यार्थी तथा मा.वि. तहमा अध्ययनरत गरिब तथा विपन्न वर्गका विद्यार्थीहरू तथा २ कि.मी भन्दा टाढाबाट विद्यालय आउने विद्यार्थीहरूलाई आवासीय छात्रवृत्ति उपलब्ध गराइने छ। साथै एस.इ.इ. उत्तीर्ण र माध्यमिक तहको परीक्षा उत्तीर्ण गरेका गरिब जेहेन्दार विद्यार्थीका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ।
- सबै विद्यालयमा शिक्षकहरूलाई मनोसामाजिक परामर्श सम्बन्धी तालिम प्रदान गरी बालबालिकाहरूको मनोसामाजिक पक्षको विकासमा सघाउ पुर्याइने छ।
- पढ्दै कमाउँदै, कमाउँदै पढ्दै कार्यक्रम सञ्चालन गरिनेछ। प्रत्येक वर्ष शैक्षिक शत्रको शुरूमा नै स्थानीय पाठ्यपुस्तक उपलब्ध हुने सुनिश्चित गरिनेछ।

## ४६. वाल विकास र शिक्षा

- 'हरेक वडा, व्यवस्थित शिशु स्याहार' कार्यक्रम सञ्चालन गरी हरेक वर्ष हरेक वडामा कम्तिमा एक व्यवस्थित बाल विकास केन्द्र वडा कार्यालयको समेत समन्वयमा निर्माण गरिनेछ। बाल कक्षामा धेरै विद्यार्थी भएका बाल विकास सहजकर्ता नभएका तर निजी स्रोतबाट बाल कक्षा सञ्चालन गर्ने सामुदायिक विद्यालयहरूमा स्वयम सेवक शिक्षक तथा बाल शिक्षकको व्यवस्थापन गरिने छ।
- बाल विकास केन्द्रका बाल शिक्षकहरूको  क्षमता विकासका लागि आवश्यकता र मागमा आधारित मन्टेश्वरी तालिम सञ्चालन गरिने छ।
- प्रारम्भिक बाल विकास केन्द्रहरूको नक्साङ्कन तथा पुन:वितरण कार्यलाई अगाडि बढाइने छ।
- सामुदायिक तथा संस्थागत विद्यालयहरूमा जङ्क फुडलाई नियन्त्रण गर्दै सामुदायिक विद्यालयमा दिवा खाजा कार्यक्रमलाई क्रमश: स्थानीय उत्पादनसँग जोडेर सुधार गर्दै लगिनेछ साथै सो को प्रभावकारी अनुगमन र नियमन गरिनेछ। विद्यालयको दिवाखाजामा कम्तीमा हप्ताको दुई दिन दुधबाट बनेको खाजा खुवाई स्वास्थ्य प्रवर्द्धन र स्थानीय उत्पादनलाई सहयोग पुऱ्याइनेछ साथै स्थानीय उत्पादनमा आधारित परिकारलाई सबैभन्दा बढि प्रयोग गर्ने विद्यालयलाई पुरस्कृत गरिनेछ।

## ४७. आधारभूत र माध्यमिक शिक्षा तथा प्राविधिक व्यावसायिक शिक्षा र उच्च शिक्षा सँगको सम्बन्ध

- प्राविधिक व्यावसायिक शिक्षाको पहुँचमा विद्यार्थीको सङ्ख्या वृद्धि गर्दै लगिने छ।
- बालमैत्री पोषण मैत्री तथा युवा मैत्री नगरपालिकाका तोकिएका शिक्षा सम्बद्ध सूचकहरू पूरा गर्न बहुक्षेत्रीय समन्वयको कार्यान्वयन गरिने छ।
- अभिभावक शिक्षा कार्यक्रम, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीका लागि क्षमता विकास तालिम र आमा समूह र शिक्षकहरूका लागि पोषण र खाद्य सुरक्षा सम्बन्धी तालिम सञ्चालन गरिनेछ।
- दरबन्दी मिलान पुन वितरण तथा विद्यालय समायोजन र नक्साङ्कनका कार्यलाई प्राथमिकतामा राखिने छ।
- विद्यालयका माध्यमिक तहका विद्यार्थीका लागि वातावरण विपद् र जलवायु परिवर्तन सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिने छ।
- सामुदायिक विद्यालयका कक्षा ८ देखि १२ का विद्यार्थीहरूलाई परम्परा देखि निर्माण र प्रयोग हुँदै आएका डोको, नाम्लो, डालो, थुन्से, झक/छाप्री, दुना-टपरा, सिलाइ-बुनाइ लगायतका सामग्री निर्माण सम्बन्धी तालिम सञ्चालन गरिने छ।
- सामुदायिक माध्यमिक विद्यालयमा स्थानीय जातजाति धर्म संस्कृति भेषभूषा सीप प्रविधि साहित्य कला सङ्गीत सम्बद्ध विषयवस्तुका सामग्री तस्वीर आदिको सङ्कलन गरी सङ्ग्रहालय निर्माण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।

## ४८. अतिरिक्त क्रियाकलाप

- हरेक माध्यमिक विद्यालयमा विद्यालयको संस्थागत सुधारका लागि विद्यालय  विद्यार्थी परिषद् स्काउटिङ र जुनियर  रेडक्रस सर्कल, पूर्व विद्यार्थी मञ्चको स्थापना र सञ्चालन तथा सबै विद्यालयमा बाल क्लबको गठन  र सञ्चालन गरिनेछ। नगरभित्रका विद्यालयहरूमा  अतिरिक्त क्रियाकलाप अन्तर्गत खेलकुद, भाषा, साहित्य, कला, सङ्गीत, सांस्कृतिक पक्ष, हाजिरीजवाफ आदि जस्ता कार्यक्रमहरू प्रतियोगितात्मक रूपमा सञ्चालन गरी विद्यार्थीहरूको चौतर्फी विकासको निम्ति **बाह्र महिना बाह्र कार्यक्रम** सञ्चालनलाई निरन्तरता दिइनेछ।

- "भावी पुस्ताको प्रकृति, पर्यावरण र प्राकृतिक श्रोतको उपयोगको अधिकार: वर्तमान पुस्ताबाट उपहार" भन्ने नारालाई साकार पार्न आ.व. ०८१/८२ मा SEE परीक्षा, ११ र १२ कक्षाको परीक्षामा उत्तीर्ण हुने विद्यार्थीहरूले विद्यालयमा ग्रेडसिट, मार्कसिट र चारित्रिक प्रमाण-पत्र लिन जानुपूर्व तत्काल वा उपयुक्त मौसममा कम्तीमा १० वटा वृक्षारोपण अनिवार्य गर्नुपर्ने नीतिलाई निरन्तरता दिईनेछ । साथै हरियाली विद्यालय सञ्चालनका लागि कार्यक्रम सञ्चालन गरिने छ ।
- दिगो तथा सम्मानित रोजगारीका लागि सामुदायिक विद्यालयको कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीका लागि वृत्ति परामर्श (Career Guidance)कार्यक्रम सञ्चालन गरिनेछ ।

### ४९. नियमन र गुणस्तरीय शिक्षा तथा सुधार

- नगरपालिकाको आवधिक नगर शिक्षा योजना अनुरूपका क्रियाकलापहरू अगाडि बढाइने छ ।
- प्रधानाध्यापकहरूलाई विद्यालयको वार्षिक शैक्षणिक योजना निर्माण सम्बन्धी तालिमको व्यवस्था गरिनेछ
- विद्यालयहरूको नक्साङ्कन गरी भूगोल र न्यूनतम विद्यार्थी सङ्ख्याको आधारमा समायोजन, कक्षा थप र अनुमति दिने तथा विद्यालय समायोजन गर्ने कार्य गरिनेछ । सामुदायिक विद्यालयमा कक्षा, तह, विषय, र विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षकको दरबन्दी मिलान गरिनेछ । शिक्षकहरूको कार्य सम्पादन र विद्यार्थी सङ्ख्याको अवस्था हेरी शिक्षकहरूलाई शैक्षिक सत्र मिल्ने गरी आवधिक सरुवा व्यवस्था लागू गरिने र शैक्षिक सत्रको बीचमा सरुवा गर्ने कार्यलाई निरुत्साहित गर्दै लग्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि प्रधानाध्यापक र शिक्षकसँग गरिने कार्यसम्पादन करारका सूचकलाई व्यवस्थित गरिने, लक्ष्य र उपलब्धिको मापन गर्ने प्रणाली अवलम्बन गरिनेछ । राम्रो अभ्यास तथा उत्कृष्ट कार्य र सिकाई उपलब्धि हासिल गर्ने आधारभूत तथा माध्यमिक विद्यालय तथा आधारभूत र माध्यमिक तहको उत्कृष्ट गणित शिक्षक, बाल शिक्षक, निजी स्रोतका शिक्षक र कर्मचारीहरूलाई वार्षिक रूपमा छनौट गरी पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- कक्षा १-८ को स्थानीय पाठ्यक्रम अनुसार नगरपालिका भित्रका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूमा अनिवार्य स्थानीय विषयका रुपमा लागू गर्ने तथा समयसापेक्ष रूपमा पाठ्यक्रम र पाठ्यपुस्तक परिमार्जन गर्दै लगिने छ।
- गणित, अङग्रेजी र विज्ञान शिक्षकहरूको समूह बनाइ गणित, अङग्रेजी र विज्ञान विषयको गुणस्तर सुधारका लागि थप कार्यक्रम सञ्चालन गरिनेछ । विद्यालयबाट प्राप्त ज्ञानलाई प्राविधिक, वैज्ञानिक, रोजगारमूलक, शीपमूलक र व्यावहारिक बनाउन 'गणितसँग खेलौं , गणितीय धारण बसाऔं' भन्ने नारा सहित गणित र विज्ञानको विषयको प्रतिस्पर्धात्मक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- विद्यालयको आर्थिक कार्य प्रणालीलाई पारदर्शी तथा विद्यालयको आन्तरिक सुशासन प्रवर्द्धन गर्न न.पा.बाट आ.ले.प. गर्ने तथा शैक्षिक प्रगति र वित्तीय उपलब्धी आवधिक रुपमा सार्वजनिक गर्ने पद्धतिको विकास गरिनेछ
- विद्यालयहरूमा अध्ययन गर्ने बालबालिकाहरूका अभिभावकहरूले उनीहरू अध्ययन गर्ने विद्यालयमा एक शैक्षिक सत्रमा कम्तीमा चार पटक विद्यालयमा अनिवार्य उपस्थित भई आफ्नो बालबालिकाको पृष्ठपोषण लिने तथा विद्यार्थी अभिभावक परिचयपत्रलाई समेत निरन्तरता दिई अनुगमनलाई थप प्रभावकारी बनाई कडाइका साथ कार्यान्वयन गरिनेछ ।
- कार्यसम्पादन करार सम्झौता र कार्यान्वयन तथा मूल्याङ्कन प्रक्रियालाई सफ्टवेयरमा आबद्ध गरी पुरस्कार र प्रोत्साहनको व्यवस्था गरिने छ।

- सूर्योदय नगरपालिकाको वार्षिक शैक्षिक स्थिति प्रतिवेदन तथा सामुदायिक विद्यालयका विद्यार्थीहरूको लागत खर्च सार्वजनिक गरिने छ।
- सबै विद्यालयको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा वास्तविक तथ्याङ्क अद्यावधिक गरी तथ्याङ्कलाई शुद्धीकरण गरिने छ।
- शिक्षकहरूको अन्तर विद्यालय शिक्षण अनुभव आदान प्रदान कार्यलाई व्यवस्थित गर्दै लगिने छ।
- सामुदायिक विद्यालयहरूमा नगरपालिकाबाट विषयगत दक्ष शिक्षक दरबन्दीको व्यवस्था मिलाइनेछ। सामुदायिक विद्यालयहरूको शैक्षिक नतिजाको आधारमा अनुदान दिने व्यवस्था मिलाइनेछ।
- आवश्यकता अनुसार स्वयम् सेवक शिक्षक व्यवस्थापन गरिनेछ।

**५०. इनोभेसन सेन्टर निर्माण / नवप्रवर्तन केन्द्र स्थापना र सञ्चालन**

- बाली विज्ञान अध्ययन गरेका विद्यार्थी तथा नगर क्षेत्रका किसानहरूका लागि र अन्य इच्छुक विद्यार्थीका निम्ति कृषि नवीन/नवप्रवर्तन केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइने छ।
- नवप्रवर्तन, अनुसन्धान, आविष्कार साथै विज्ञान र गणित शिक्षाको विस्तारलाई प्रोत्साहन गर्न नवप्रवर्तन तथा आविष्कार केन्द्र (Innovation Center) को स्थापना गरिनेछ।

**५१. शैक्षिक पूर्वाधार विकास**

- सामुदायिक विद्यालयहरूलाई शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भारको कार्यलाई प्राथमिकतामा राखी कार्य गरिनेछ।
- सार्वजनिक स्थल तथा सामुदायिक विद्यालयमा पुस्तकालय, वाचनालय, सामुदायिक अध्ययन केन्द्र सञ्चालन गरिनेछ।
- सामुदायिक सिकाइ केन्द्र स्थापना र सञ्चालन गर्न चाहने वडाहरूमा सामुदायिक सिकाइ केन्द्र स्थापना र सञ्चालन गरिने छ।
- प्रविधि विकासका लागि उचित व्यवस्था गरिनेछ। विद्युतीय शिक्षण सामग्री उत्पादन गरी आवश्यकताको आधारमा अनलाइन शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइनेछ। साथै सबै सामुदायिक विद्यालयमा सूचना प्रविधि प्रयोगशाला र इन्टरनेट सुविधा पुर्‍याइनेछ। सामुदायिक विद्यालयका शिक्षकहरूलाई प्रविधि मैत्री बनाउनका लागि एक प्रधानाध्यापक एक ल्यापटप कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालयमा स्वच्छ पिउने पानीको व्यवस्था क्रमिक रूपले गर्दै लगिने छ।
- नगर स्तरमा एक सुविधा सम्पन्न इ-लाइब्रेरी सहितको लाइब्रेरी स्थापना र सञ्चालन गरिने छ।

**५२. भाषा, कला तथा साहित्य तथा सङ्गीत**

- भाषा, साहित्य, कला र सङ्गीतको विकासमा योगदान पुर्याउन नगर साहित्य कला तथा सङ्गीत प्रतिष्ठान र अन्य सरोकारवालाहरूको सहकार्यमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- भाषा, साहित्य कला र सङ्गीतसँग सम्बन्धित विषयका सामग्रीहरू तथा पुराना भेषभुषा, सामग्री, प्रविधि आदिको खोज अनुसन्धान गरी संरक्षण गर्ने र हस्तान्तरण गर्ने गरी सङ्ग्रहालय स्थापना गरिनेछ।
- विद्यालयमा भाषा, साहित्य कला तथा सङ्गीत विधाका फोकल शिक्षक तोकी विद्यालय स्तरमा विविध कार्यक्रम सञ्चालन गरिनेछ। नगर क्षेत्रभित्र बोलिने मातृभाषाको अध्ययन तथा अद्यावधिक गर्नका निम्ति भाषा आयोगसँग समन्वय गरिने छ।
- नगर क्षेत्र भित्र बोलिने भाषाहरूको संरक्षण, सङ्कलन गर्नका लागि बहुभाषिक कविता, गीत, कथा, नाटक लगायतका विविध विधाहरूसँग सम्बन्धित बहुभाषिक क्रियाकलाप सञ्चालन गरिनेछ।

- लोपोन्मुख लेप्चा समुदाय लगायतका भाषा भाषी र जात जातिहरूको भाषा, संस्कृति र सभ्यतालाई प्रवर्द्धन गर्दै लगिने साथै सांस्कृतिक तथा साहित्यिक महोत्सव सञ्चालन गरिने छ।
- नगर क्षेत्रभित्रका सबै जात जाति भाषा भाषी तथा सांस्कृतिक पक्षको नगर प्रोफाइल तयार गरिने छ।
- लिपि विकास नभएका मातृभाषाहरूको लिपि व्याकरण व्यवस्था तथा शब्दकोष निर्माणका लागि भाषा आयोगसँग सहकार्य गरी विविध कार्यक्रम सञ्चालन गरिने छ।
- लेप्चा भाषाको कक्षा १-५ को मातृभाषाको पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणका लागि आवश्यक पहल गरिने छ।

### ५३. सांस्कृतिक पूर्वाधार

- भाषा, साहित्य, कला, दर्शन, आदि क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तित्वहरूको योगदानको समेत सम्मान हुने गरी शालिक तथा पार्क निर्माण गर्ने नीति लिइनेछ। जसमा यस क्षेत्रका आदिवासी जनजातिहरूको सांस्कृतिक तथा भाषिक पक्षलाई मध्यनजर गरिने छ।
- नगर साहित्य तथा कला सङ्गीत प्रतिष्ठानको छुट्टै कार्यालय व्यवस्थापन /भवन निर्माण गरी पुस्तकालय, सङ्ग्रहालय आदिको व्यवस्था गरिनेछ।
- सूर्योदय नगरपालिकाको स्मारिका प्रकाशन, नगरको वार्षिक साहित्य सङ्ग्रह, नगरका बालबालिकाको प्रतिभा स्मारिका, युवा तथा जेष्ठ नागरिकको सिर्जना सङ्ग्रह जस्ता सामग्रीहरूको निर्माण र प्रकाशन
- गरिनेछ।

## उपक्षेत्र २ : आधारभूत स्वास्थ्य तथा पोषण

### ५४. पहुँच योग्य र गुणस्तरीय स्वास्थ्य सेवाहरू

उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गर्दै गुणस्तरीय आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवामा सबै नगरवासीको सर्वसुलभ, सहज र समान पहुँचको सुनिश्चितता गरिनेछ। नगर क्षेत्रभित्र सञ्चालित अस्पताल र स्वास्थ्य संस्थाहरूबाट प्रवाह हुने स्वास्थ्य सेवामा विस्तार गरी गुणस्तर सुधार गरिनेछ। आयुर्वेद औषधालयहरूलाई सेवा प्रवाह सुधार गर्न आवश्यक सहयोग र समन्वय गरिनेछ। डिजिटल स्वास्थ्य संस्था र एकीकृत स्वास्थ्य सूचना प्रणालीको कार्यान्वयनलाई निरन्तरता दिइनेछ, स्वास्थ्य संवेदनशील सूचकहरूको अवस्थाको निगरानीका लागि ड्यास बोर्ड कार्यक्रमलाई कार्यान्वयनमा ल्याइनेछ। निःशुल्क वितरण हुने औषधी, औजार उपकरण र स्वास्थ्य सूचना प्रणालीसँग सम्बन्धित सामग्रीको नियमित उपलब्धता सुनिश्चित गर्न सङ्घ, प्रदेश र अन्य निकायसँग समन्वय गरिनेछ। औषधी तथा सामग्रीको उपलब्धता र वितरणमा पारदर्शिता कायम गर्न सबै स्वास्थ्य संस्थाहरूलाई प्रविधि मैत्री बनाइनेछ।

### ५५. स्वास्थ्य पूर्वाधार विकास

स्वास्थ्य क्षेत्रमा आधुनिक पूर्वाधार निर्माणका लागि सङ्घ, प्रदेश र अन्य साझेदार निकायसँग समन्वय र सहकार्यलाई प्राथमिकता दिइनेछ। निर्माणाधीन नगर अस्पताल भवनको शीघ्र निर्माण सम्पन्नका लागि आवश्यक समन्वय र नियमन गरिनेछ। हाल सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरूको भौतिक पूर्वाधारलाई बालमैत्री, अपाङ्गतामैत्री, किशोर किशोरीमैत्री र पोषणमैत्री स्वास्थ्य संस्थाका रूपमा विकास गरिनेछ सो को लागि माग र आवश्यकताको आधारमा सुधारका योजनाहरू अगाडि बढाउने नीति लिइनेछ। एम्बुलेन्स परिचालन र व्यवस्थापनलाई सुदृढीकरण गरी नगर क्षेत्र भित्र छिटो छरितो एम्बुलेन्स सेवा उपलव्ध गराउन सम्पर्क प्रणालीमा सुधार गरिनेछ। स्वास्थ्य संस्थाहरुको स्वामित्वमा रहेका चल अचल सम्पत्ति तथा उपकरणहरूको संरक्षण र प्रभावकारी उपयोगमा विशेष ध्यान पुऱ्याइनेछ।

### ५६. दक्ष जनशक्ति विकास

स्वास्थ्य क्षेत्रमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र अन्य कर्मचारीको क्षमता अभिवृद्धि गर्न तालिम, गोष्ठी आयोजना गरी दक्ष जनशक्ति उत्पादन गरिनेछ ।स्वास्थ्य संस्थामा स्वीकृत दरबन्दी अनुसार दक्ष जनशक्तिको व्यवस्थापन गरिनेछ । महिला सामुदायिक स्वास्थ्य स्वयंसेवीकाहरूको प्रभावकारी परिचालनका लागि प्रोत्साहन, क्षमता अभिवृद्धि, तथ्याङ्क सङ्कलन र अभिलेख व्यवस्थापन कार्यको लागि कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

**५७. पूर्ण खोप सुनिश्चितता तथा पोषणमैत्री स्थानीय तह**

राष्ट्रिय खोप तालिका अनुसार १५ महिना सम्मका बालबालिकाहरूले लगाउनु पर्ने सम्पूर्ण खोपहरूको कभरेज शत प्रतिशत पुऱ्याउन स्वास्थ्य संस्था, वडा कार्यालय र महिला स्वास्थ्य स्वयंसेविकाहरू परिचालन गर्ने नीति लिइनेछ। दक्ष मानव पुँजी विकासका लागि कमजोर अवस्थामा रहेका पोषण विशेष र पोषण संवेदनशील क्षेत्रका सूचकहरूमा सुधार हुने किसिमका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्दै क्रमिक रूपमा वडाहरूलाई पोषणमैत्री वडा घोषणाको तयारी अवस्थामा पुऱ्याउने नीति लिइनेछ।

**५८. स्थानीय जनस्वास्थ्य निगरानी तथा महामारी रोग नियन्त्रण**

स्थानीय जनस्वास्थ्य निगरानी (Public Health Surveillance) व्यवस्थापनलाई कार्यान्वयनमा ल्याउने, महामारी जन्य रोग तथा प्रकोपको सामना गर्न कार्य योजना बनाइनेछ ।आवश्यक स्रोत साधनसहित वडा तथा नगर स्तरीय प्रतिकार्य टोली परिचालन गरिनेछ । महामारी रोग विरुद्ध काम गर्ने कर्मचारीहरूलाई प्रोत्साहन/जोखिम भत्ताको व्यवस्था गरिनेछ। सङ्क्रामक रोगको रोकथाम र नियन्त्रणका लागि प्रदेश र सङ्घीय सरकारसँग सहकार्य र समन्वय गरिनेछ। अन्तर्राष्ट्रिय सीमा नाकाबाट भित्रन सक्ने महामारी जन्य रोगहरूको जोखिम न्यूनीकरणका लागि हेल्थ-डेस्क मार्फत उचित व्यवस्थापन गर्ने नीति लिइनेछ।

**५९. सुर्ती, मदिरा तथा लागुपदार्थ जन्य वस्तुको नियमन तथा नियन्त्रण र स्वास्थ्य सचेतना कार्यक्रम :**

सूर्ति,मदिरा तथा लागुपदार्थजन्य वस्तुको प्रयोगमा नियमन तथा नियन्त्रण साथै सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ। नसर्ने रोगहरूको रोकथाम र नियन्त्रणका लागि सघन कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ । नगरपालिकाका वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय, स्थानीय पत्रपत्रिका/एफ.एम. मार्फत व्यापक जनस्वास्थ्य सचेतना सन्देश प्रवाह गरिनेछ। सुर्तीजन्य पदार्थ तथा अस्वास्थ्यकर खाद्यवस्तुको उत्पादन, बिक्री वितरण र वितरणमा कडाई गरी त्यस्ता वस्तुको उपभोगबाट हुने हानि बारे जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

**६०. प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व तथा नव शिशु सेवा**

गर्भवती तथा सुत्केरी महिलालाई फोलिक एसिड र क्याल्सियम वितरण कार्यक्रम सञ्चालन गरिनेछ। सुरक्षित प्रसूतिका लागि स्थानीय स्वास्थ्य संस्थाबाट उपलब्ध हुने प्रसूति सेवालाई सुदृढीकरण गरी गुणस्तरीय बनाइने छ। समुदाय तथा विद्यालयस्तरमा विशेषज्ञ सेवा सहितको स्क्रिनिङ शिविर र सचेतना कार्यक्रम सञ्चालन गर्न कार्यक्रम तर्जुमा गरिनेछ। गर्भवती तथा सुत्केरी महिला र नव शिशु समेतको नियमित स्वास्थ्य परीक्षणका लागि आवश्यक प्रबन्ध मिलाइनेछ।

**६१. विद्यालय स्वास्थ्य कार्यक्रम**

किशोरीहरूमा रक्तअल्पताको जोखिम न्यूनीकरण गर्न २६ हप्ता (१० देखि १९) उमेर समूहका किशोरीहरूलाई आइरन र फोलिक एसिड चक्की वितरण साथै हेमोग्लोबिन जाँच कार्यक्रम सञ्चालन गरिनेछ। सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई अर्धवार्षिक रूपमा जुकाको औषधी खुवाउने कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।

**६२. नगर अस्पताल सञ्चालन र व्यवस्थापन**

नगर अस्पतालमा टेलि-मेडिसिन सेवाको निरन्तरताको लागि आवश्यक पहल गरिनेछ। अस्पतालबाट दिगो रूपमा विशिष्टीकृत स्वास्थ्य सेवा उपलब्ध गराउन छात्रवृत्ति तथा अन्य प्रोत्साहन कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

**६३. हेल्थ-डेक्स सञ्चालन र व्यवस्थापन:**

सीमावर्ती क्षेत्रमा हेल्थ-डेस्कबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्न आवश्यक पर्ने स्वास्थ्यकर्मी र भौतिक पूर्वाधारको व्यवस्थापनमा सङ्घ र प्रदेश सरकारसँग सहकार्य र समन्वय गरिनेछ।

**६४. निजी स्वास्थ्य संस्था अनुगमन:**

निजी क्लिनिक, अस्पताल, नर्सिङ होम र स्वास्थ्य संस्थाको न्यूनतम मापदण्डको परिपालनाका सम्बन्धमा नियमित अनुगमन र नियमनलाई थप प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

**६५. स्वास्थ्य बीमा नीति:**

लक्षित समूहलाई प्राथमिकतामा राखी सबै नगरवासीहरूलाई स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गर्ने नीति लिइनेछ।

**६६. दीर्घ रोगीहरूका लागि उपचार सहुलियत :**

जटिल प्रकृतिका दीर्घ रोगबाट पीडित भई उपचार गराइरहेका नागरिकहरूको लागि उपचार सहायता बापतको सुविधा उपलब्ध गराउन सरल तरिकाबाट सेवा लिने प्रणालीको व्यवस्था गरिनेछ।

**६७. टि.वि फ्रि पालिका कार्यक्रम सञ्चालन :**

क्षयरोग सम्बन्धी राष्ट्रिय नीति बमोजिम यस पालिकामा समेत क्षयरोगको उन्मूलन र क्षयरोग मुक्त बनाउन टि.वि फ्रि पालिका कार्यक्रम विस्तारका लागि आवश्यक समन्वय र सहकार्य गरिने साथै उचित कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने नीति लिइनेछ।

## उपक्षेत्र ३: खानेपानी तथा सरसफाइ

**६८. पहुँच र उपलब्धता :**

सबै नगरवासीको आधारभूत खानेपानी सेवामा पहुँच बढाउने नीति लिइनेछ। नगर क्षेत्र भित्र रहेका खानेपानीका स्रोतहरूको संरक्षण र प्रवर्द्धन गरिनेछ।खानेपानी सेवाको विस्तार तथा खानेपानीका स्रोतको संरक्षण, विकास र प्रयोगमा समुदाय तहको परिचालन र सहभागिता बढाउँदै नगरवासीहरूको स्वामित्व विकास कार्यक्रम सञ्चालन गरिनेछ।

**६९. पूर्वाधार विकास:**

मानवबाट निस्कने फोहोरमैलाको समुचित व्यवस्थापन र विकास कार्यहरू वातावरणमैत्री रूपमा सञ्चालन गरिनेछ। सङ्घ र प्रदेशको लगानी र साझेदारीमा नगर क्षेत्रमा निर्माण भइरहेका खानेपानी आयोजनालाई तोकिएको समयावधिभित्र सम्पन्न गर्न आवश्यक समन्वय र सहकार्य गरिनेछ।नगर क्षेत्रभित्र सञ्चालित खानेपानी आयोजनाको सेवालाई सुलभ, गुणस्तरीय र प्रविधि मैत्री बनाइनेछ। भरपर्दो सेवा सुनिश्चित गर्न पुराना र सञ्चालनमा रहेका खानेपानी आयोजनाहरूको नियमित मर्मत सम्भार र पुन:स्थापनाको ग्यारेन्टी गरिनेछ। नयाँ खानेपानी आयोजनाको निर्माण र विस्तारमा सङ्घ, प्रदेश र अन्य सरोकारवालासँग समन्वय र सहकार्यमा आयोजना सञ्चालन गरिनेछ।

**७०. वातावरण संरक्षण:**

सतही र भूमिगत स्रोतहरूमा प्रदूषण नियन्त्रणका लागि कानुनी प्रावधान सहित प्रदूषण नियन्त्रण उपायहरू अपनाइनेछ। चालू खानेपानी आयोजनाको माग व्यवस्थापनलाई प्रोत्साहन गरी आपूर्ति सुधार गर्ने उपायहरू अवलम्बन गरिनेछ। वर्षाको पानी सङ्कलन, भण्डारण र बहु उपयोगलाई प्रोत्साहन गरिनेछ।

**७१. नियमन र सहजीकरण:**

सहरी क्षेत्रभित्र सञ्चालित खानेपानी संस्थाहरूको सेवा सुधार, विस्तार र स्तरोन्नतिका लागि आवश्यक नियमन, मार्गदर्शन र सहजीकरण गरिनेछ।

**७२. उपभोक्ता सचेतना:**

सुरक्षित खानेपानी सेवाको उपयोग सम्बन्धी उपभोक्ता केन्द्रित जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ। सबै प्रकारका खानेपानी (ट्याङ्कर, जार, बोतल) को गुणस्तर सुनिश्चित गर्न नियमित अनुगमन गरिनेछ ।खानेपानी प्रविधि र चुहावट रोकथाम सम्बन्धी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ । पानीको किफायती र समुचित प्रयोगलाई प्रोत्साहन गर्न उपभोक्ता सचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**<u>उपक्षेत्र ४ : महिला, बालबालिका तथा सामाजिक समावेशीकरण</u>**

**<u>महिला</u>**

**७३. सशक्तीकरण:**

महिलाका लागि शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ । लैङ्गिक समानता र महिला सशक्तीकरणको नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। जोखिममा परेका , सामाजिक र पारिवारिक बहिस्करणमा परेका तथा हिंसा पीडित महिला, बालबालिकाहरूलाई परिवारमा पुनःस्थापना तथा संरक्षण गरी आत्मनिर्भर र स्वावलम्बी बनाउँदै लगिने छ । महिलाहरूको अर्थ पूर्ण सहभागिता र प्रतिनिधित्वलाई सुनिश्चित गर्दै नेतृत्व विकासमा जोड दिइनेछ।

**७४. स्वास्थ्य र सामाजिक न्याय :**

स्वास्थ्य समस्याको गम्भीरता र उपचार जटिलतालाई ध्यानमा राखी महिलाले भोग्ने स्वास्थ्य समस्यालाई सम्बोधन गर्न स्वास्थ्य शिविर सञ्चालन गरिनेछ । विपन्न नागरिक, एकल महिला, अविवाहित एकल महिला, अपाङ्गता भएका व्यक्तिहरू र दलित परिवारका सदस्यहरू जस्ता लक्षित समूहहरूलाई समावेश गर्न स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिदै विस्तार गर्दै लगिनेछ । प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यको हकलाई सुनिश्चित गरिने छ।

**७५. आर्थिक सशक्तीकरण:**

महिलालाई स्वरोजगार र स्वाभिमानी बन्न प्रोत्साहित गर्न महिलाको नाममा दर्ता भएका व्यवसायमा ३५ प्रतिशत शुल्क छुट दिने व्यवस्थालाई निरन्तरता दिइनेछ। लघु उद्यम विकास कार्यक्रम मार्फत गरिबी निवारण गर्न लघु उद्यम विकास कार्यक्रम (मेडपा) लाई निरन्तरता दिइनेछ । साथै एकल महिलाहरूलाई उद्यमशील बनाउन वित्तीय पहुँच, कृषि प्रविधि र व्यवसाय सञ्चालनका लागि बीउ पुँजी (SEED MONEY) मा समेत सहयोग गरिनेछ। बस्तुको उत्पादनलाई बिक्री वितरणमा सहयोग पुऱ्याउन बजारीकरणको लागि सहजीकरण गरिनेछ। आर्थिक सशक्तीकरणका लागि महिला विकास कार्यक्रम मार्फत महिला समूह, समिति र संस्थालाई मूलप्रवाहीकरण , समावेशीकरण र सशक्तीकरणका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**७६. सामाजिक सुरक्षा र समावेशीकरण:**

मानव बेचविखन, अनाथ, घरेलु हिंसाबाट पीडितको संरक्षण र उद्धार गर्नको लागि पुनःस्थापना केन्द्र सञ्चालन गर्ने कार्यमा सङ्घीय र प्रदेश सरकार, तथा गैर सरकारी सङ्घ संस्थासँग सहकार्य र समन्वय गरिनेछ । सूर्योदय नगरपालिकाका विद्यालयमा अध्ययनरत छात्राहरू तथा अपाङ्गता भएका महिलालाई निःशुल्क सेनेटरी प्याड उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईदै लगिनेछ। महिला तथा किशोरीलाई हुने सबै प्रकारको हिंसा, विभेद र शोषणको अन्त्य गर्न सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ। हिंसा पीडित तथा प्रभावित महिलाको सुरक्षाको लागि राहत, उद्धार, पुन:स्थापना, नि:शुल्क कानुनी सहायता, मनोसामाजिक परामर्श, सीप विकास तथा आय आर्जनमूलक कार्यक्रम सञ्चालन गरिनेछ। नगर क्षेत्रभित्र गठन हुने उपभोक्ता समिति, सहकारी तथा अन्य संस्थामा ५० प्रतिशत महिला सहभागिताको नीतिलाई निरन्तरता दिइनेछ । महिला, अपाङ्गता भएका व्यक्ति, दलित वा लोपोन्मुख जातिका व्यक्तिहरू अध्यक्ष भई पूर्वाधार संरचना निर्माण

गर्न गठन भएका उपभोक्ता समितिहरूलाई उपभोक्ता समितिले व्यहोर्ने साझेदारीमा कानुन बमोजिम छुट तथा सहुलियत प्रदान गर्न आवश्यक प्रबन्ध गरिनेछ।

**७७. चेतना र वकालत:**

लैङ्गिक हिंसा न्यूनीकरण गरी नगरपालिकालाई लैङ्गिक हिंसामुक्त नगर घोषणा गर्न सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। मानव वेचविखन विरुद्ध साथै मानवअधिकार र महिला अधिकारका कार्यक्रमहरू सञ्चालन गर्न सम्बन्धित सङ्घसंस्थाहरूसँग समन्वय गरिनेछ। नगरका महिलाहरूमध्ये सबैभन्दा जेष्ठ महिलालाई सूर्योदय नगर आमा घोषणा र सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

## बालबालिका

**७८. बालमैत्री नगरपालिका**

बाल अधिकारका चार स्तम्भ बाल संरक्षण, बाल सहभागिता, बाल विकास र बाल बचाउलाई सुनिश्चित गरी बालमैत्री नगरपालिकाका सूचकहरूलाई दिगो रूपमा संस्थागत गर्न आवश्यक विभिन्न गतिविधिहरू सञ्चालन गरिनेछ । बालबालिकाको अधिकार सुनिश्चित गर्न विकास योजना तर्जुमादेखि अनुगमनको चरणसम्म बालबालिकाको सहभागिताका लागि प्रत्येक वडामा गठन भएका बाल क्लब/ बाल सञ्जालहरूलाई क्रियाशिल बनाइनेछ।

**७९. बालबालिकाको सहभागिता र नेतृत्व**

बालबालिकालाई भविष्यको अगुवाको रूपमा मात्र नभई वर्तमानको विकासका साझेदारको रूपमा व्यवहार गरिनेछ । बालबालिकासँग सम्बन्धित विषयमा नीति कार्यक्रम बनाउँदा बालबालिकाको संस्थागत सहभागितालाई प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिइनेछ । बालबालिकाको सर्वाङ्गीण विकासका लागि उनीहरूको सहभागिता र नेतृत्वमा विभिन्न क्रियाकलाप सञ्चालन गर्ने नीति लिइनेछ।

**८०. बाल संरक्षण र सचेतना**

बालबालिकासँग सम्बन्धित सरोकारवाला निकाय, परोपकारी संस्था र विकास साझेदार संस्थाहरूसँगको समन्वयमा बाल संरक्षण नीति तथा कार्य योजना अवलम्बन गरिनेछ। कानून विपरीत हुन सक्ने बाल-विवाह, साइबर अपराध, लागूऔषध दुर्व्यसनी रोक्न सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। बालमैत्री स्थानीय शासनको प्रवर्द्धन गर्दै बालश्रम हुन नदिन अनुगमन, निरीक्षण तथा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**८१. बाल विकास र पोषण**

नगरपालिका क्षेत्रभित्र निर्माण गरिएको बाल उद्यानसहितको बालमैत्री सिकाइ केन्द्रलाई थप व्यवस्थित बनाइनेछ। बालबालिकामा पर्ने मनोसामाजिक प्रभावलाई न्यूनीकरण गर्न सामुदायिक विद्यालयका बालमैत्री कक्षा शिक्षक र बाल विकास केन्द्रका सहायक शिक्षकलाई सामाजिक मनोविज्ञान तालिम सञ्चालन गर्ने नीति लिइनेछ। पोषण मैत्री नगरपालिका बनाउन निर्धारित सूचकहरूलाई पुरा गर्न सुनौलो हजार दिन, किशोर किशोरी प्रजनन् स्वास्थ्य सम्बन्धी अनुशिक्षण, किशोर किशोरीको जीवन उपयोगी सीप तथा महिला पुरुष सम विकास तालिम, सासू बुहारी अन्तरक्रिया कार्यक्रम लाई निरन्तरता दिइनेछ।

**८२. बालबालिकाका लागि संस्थागत रूपरेखा**

बालबालिकाको स्थिति प्रतिवेदन, बालबालिकाको वस्तुगत विवरण, बाल कोष सञ्चालन कार्यविधि र बालबालिकासँग सम्बन्धित सरोकारवाला निकायसँग समन्वय गरी बालबालिकाको आवधिक लगानी योजना अवलम्बन गरिनेछ।

## ज्येष्ठ नागरिक

**८३. ज्येष्ठ नागरिक कल्याण कार्यक्रम**

ज्येष्ठ नागरिक र असहाय ज्येष्ठ नागरिकका लागि विशेष सुरक्षा सहित यातायात र स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिनेछ। ज्येष्ठ नागरिकहरूको ज्ञान, अनुभव र सीप हस्तान्तरणका लागि पुस्ता हस्तान्तरण कार्यक्रम,

ज्येष्ठ नागरिक मिलन केन्द्र जस्ता कार्यक्रमलाई निरन्तरता दिँदै असहाय ज्येष्ठ नागरिकहरूका लागि सहयोग पुऱ्याउन ज्येष्ठ नागरिक कोष सञ्चालन गरी सहयोग गरिनेछ।

**८४. ज्येष्ठ नागरिकलाई सम्मान र समर्थन:**

ज्येष्ठ नागरिकको सम्मान गदै गरिब तथा अपाङ्गता भएका ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक परिचयपत्र सहज रूपमा उपलब्ध गराउने र सहायक सामग्री वितरण गर्ने व्यवस्था मिलाइनेछ। ज्येष्ठ नागरिकको घरमा उत्कृष्ट हेरचाह गर्ने परिवारका सदस्यलाई छनोट गरी प्रोत्साहन गर्न सम्मान गरिनेछ।

**८५. ज्येष्ठ नागरिक संलग्नता:**

६० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकको सहभागितामा वडा तथा नगर स्तरमा ज्येष्ठ नागरिक समिति गठन गरि सञ्जाल स्थापना गरिनेछ। ज्येष्ठ नागरिकको ज्ञान, अनुभव र सीप प्रयोग गरी ज्येष्ठ नागरिकको सामाजिक, सांस्कृतिक र आर्थिक पहुँचमा सहजीकरण गर्न कार्यक्रम सञ्चालन गरिनेछ।

## अपाङ्गता

**८६. अपाङ्गता सहायता कार्यक्रम:**

अपाङ्गता भएका व्यक्ति, काम गर्न नसक्ने अपाङ्गता र असहाय, आफ्नो हेरचाह गर्न नसक्ने व्यक्तिहरूको पहिचान गरी सङ्घीय सरकार, प्रदेश सरकार र विकास साझेदारको सहयोगमा संरक्षण गर्न पहल गरिनेछ। अपाङ्गता भएका व्यक्तिको शिक्षा, स्वास्थ्य, प्रतिभा प्रस्फुटन , आय आर्जन र सहभागिताको लागि अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम लाई निरन्तरता दिइनेछ साथै सूर्योदय नगरपालिका भित्र रहेका सबै अपाङ्गता भएका व्यक्तिहरूलाई परिचयपत्र वितरणको कार्यलाई निरन्तरता दिइनेछ।

**८७. अपाङ्ग मैत्री संरचनामा पहुँच:**

अपाङ्गता भएका व्यक्तिको जीवन सहज बनाउन नगर क्षेत्रभित्र निर्माण हुने सार्वजनिक भौतिक संरचनाहरूलाई अपाङ्ग मैत्री बनाइनेछ।

**८८. अपाङ्गता सशक्तीकरण:**

नगरभित्र गठन भएका अपाङ्गता भएका व्यक्तिहरूको मिलीजुली समूह र सहकारी संस्थालाई परिचालनमा सहजीकरण गरिनेछ। नगर क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरूका लागि हेल्प-डेक्सको व्यवस्थापनका लागि सङ्घ/प्रदेशसँग समन्वय गरिनेछ। सूर्योदय नगरपालिकाभित्रका अपाङ्गता भएका व्यक्तिहरूको जीवन सहज बनाउन सहायक सामग्री तथा उपचार सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ। अपाङ्गता भएका व्यक्तिहरूलाई आर्थिक रूपमा क्रियाशिल बनाउन स्थानीय सम्भाव्यता हेरी विभिन्न सीप विकास तालिम सहित प्रविधि तथा व्यवसाय अनुदानको व्यवस्था मिलाउँदै लगिनेछ।

**८९. संरक्षण र पुन:स्थापना**

अनाथ, असहाय, टुहुरा, अपाङ्गता भएका व्यक्ति, अशक्त, बेवारिसे, हिंसा पीडित तथा सडक बालबालिकाको उद्धार संरक्षण र पुन:स्थापनाको निम्ति कार्यक्रम सञ्चालन गरिनेछ।

## सीमान्तकृत समुदाय

**९०. दलित / जनजाति / अल्पसङ्ख्यक जातजाति उत्थान:**

दलित समुदायका परम्परागत पेशा, कला र सीपको संरक्षण र प्रवर्द्धन गर्दै दलित समुदायको परम्परागत पेशालाई आधुनिकीकरण र व्यवसायीकरण गर्ने नीति अवलम्बन गरिनेछ। दलित वर्गको विकासका लागि सचेतना र सीप विकास तालिमको तर्जुमा र कार्यान्वयन गरिनेछ। दलित समुदायलाई व्यावसायिक उद्यमशीलता विकास तालिम दिने व्यवस्था मिलाइनेछ । आदिवासी जनजाति लोपोन्मुख तथा अल्पसङ्ख्यकहरूको संवैधानिक अधिकार सुनिश्चित गर्दै आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका साथै भाषा, संस्कृति, परम्परा र प्राचीन सीपको संरक्षण र प्रवर्द्धन गरिनेछ। जनजाति समुदायको समग्र अवस्था अध्ययन गरी स्थिति पत्र तयार गरी सो का

आधारमा कार्यक्रम तयार गरिनेछ। जनजाति महासङ्घको रणनीतिक कार्य योजना कार्यान्वयनमा सहयोग गर्ने नीति अवलम्बन गरिनेछ। लेप्चा-ग्राम निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ।

**<u>उपक्षेत्र ५ : युवा तथा खेलकुद</u>**

**९१. पूर्वाधार विकास**

- युवाहरूमा शारीरिक गतिविधि र स्वस्थ जीवन प्रवर्द्धन गर्न खेल मैदान, रङ्गशाला, फिटनेस सेन्टर जस्ता खेलकुद पूर्वाधारको विकास र मर्मत सम्भार गरिनेछ।
- सीमान्तकृत समुदायका युवाहरूलाई लक्षित गरी खेलकुद सुविधा र तालिममा पहुँच पुर्‍याउन विशेष कार्यक्रमहरू तर्जुमा गरिनेछ।
- वडामा रहेका खेल मैदान तथा विद्यालयका खेल मैदान स्तरोन्नति र नयाँ खेल मैदान आवश्यकताका आधारमा निर्माण गरिने छ।
- सामुदायिक आधारभूत विद्यालयमा खेल सामग्री उपलब्ध गराइ आधारभूत तहबाट खेल प्रति जागरूक बनाइ आधार तयार गरिने छ।

**९२. सीप विकास र रोजगारी तथा युवा मैत्री कार्यहरू**

- सङ्घ प्रदेश तथा विभिन्न सङ्घ संस्था परियोजनाको सहयोग र समन्वयमा स्थानीय युवाहरूलाई जीवन उपयोगी सीप तालिमको व्यवस्था गरिने छ।
- युवाहरूका लागि उद्यम व्यवसाय सम्बन्धी क्षमता विकास तालिम सञ्चालन गरिने छ।
- युवा मैत्री स्थानीय शासन सम्पर्क इकाई निर्माण गरी सञ्चालनमा ल्याइने छ।
- युवा मैत्री स्थानीय शासन युक्त नगरपालिका निर्माणका लागि आवश्यक सूचक पूरा गर्नका लागि कार्यक्रमहरू सञ्चालन गरिने छ।
- युवाहरूका लागि युवा व्यवसाय प्रवर्धन कोषको स्थापना र सञ्चालन गरिने छ।

**९३. खेलकुद प्रतियोगिता तथा प्रशिक्षण र खेलाडी उत्पादन**

- युवामा खेलकुद र खेलकुदमा स्वस्थ प्रतिस्पर्धा प्रवर्द्धन गर्न स्थानीय तथा क्षेत्रीय खेलकुद प्रतियोगिता आयोजना गरिनेछ। खेलकुदमा लैङ्गिक समानता प्रवर्द्धन गर्न खेलकुद प्रतियोगिता तथा प्रतियोगिताहरूमा महिलाहरूको सहभागितालाई प्रोत्साहन गर्न विशेष कार्यक्रमहरू तर्जुमा गरिनेछ।
- खेलकुद क्षेत्रको विकासका लागि खेलाडीहरूलाई तालिम तथा प्रशिक्षणको प्रबन्ध गरिनेछ। खेलकुदसँग सम्बन्धित व्यवसायहरू जस्तै उपकरण निर्माण र खेलकुद कार्यक्रम व्यवस्थापनको स्थापनालाई प्रोत्साहन गर्न युवा उद्यमशीलता कार्यक्रमहरूको डिजाइन गरिनेछ।
- माध्यमिक विद्यालयका छात्राहरूका लागि आत्मरक्षा सम्बन्धी तालिम सञ्चालन गरिने छ।
- सूर्योदय नगरपालिका भित्रका खेलाडीहरूले जिल्ला/ प्रदेश/ राष्ट्रिय/ अन्तर्राष्ट्रिय स्तरको प्रतियोगितामा हासिल गरेको उपलब्धि पहिचान गरी सम्मान गरिने छ।
- सबै विद्यालयमा खेल प्रशिक्षकको व्यवस्था गरी तालिम प्रदान गरिने छ।
- नगर भित्रका खेल प्रशिक्षक/ निर्णायकहरूका लागि पुनर्ताजगी तालिम उपलब्ध गराइने छ।
- प्रतिभा पहिचान र विकास खेलकुद प्रशिक्षण तथा विभिन्न खेलका खेलाडी उत्पादन विभिन्न खेलकुदमा प्रतिभावान् युवाहरूको पहिचान गरी सो को विकास गर्ने नीति लिइनेछ। प्रतिभाशाली

युवाहरूलाई विशेष तालिम र कोचिङ्ग प्रदान गर्ने व्यावसायिक खेलाडी उत्पादन गर्ने व्यवस्था मिलाइने छ।

**९४. सामुदायिक संलग्नता र साझेदारी**

खेलकुद गतिविधिहरूमा सामुदायिक संलग्नता प्रवर्द्धन गर्न समुदायमा आधारित संस्थाहरू र खेलकुद क्लबहरूसँग साझेदारी स्थापना गरिनेछ। युवाहरूमा खेलकुद शिक्षा र शारीरिक क्रियाकलापलाई प्रोत्साहन गर्न स्थानीय विद्यालय र विश्वविद्यालयहरूसँगको सहकार्यमा जोड दिइनेछ।

**उपक्षेत्र ६ : सामाजिक सुरक्षा तथा पञ्जीकरण**

**९५. सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरूको दर्ता र अभिलेख**

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको विवरण निरन्तर अद्यावधिक गरिने छ। सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको कागजात र व्यक्तिगत घटना दर्ता सम्बन्धी अभिलेखलाई लाभग्राहीको माग अनुसार सहज रूपमा उपलब्ध हुने व्यवस्था मिलाइने छ।

**९६. व्यक्तिगत घटना दर्ता**

वडाहरूमा व्यक्तिगत घटना दर्ता शिविर सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइने छ। व्यक्तिगत घटना दर्ता सम्बन्धी सचेतना कार्यक्रमलाई निरन्तर दिइने छ। टोल विकास संस्थाका पदाधिकारी, महिला स्वास्थ्य स्वयंसेविका र जनप्रतिनिधिका लागि व्यक्तिगत घटना दर्ता सम्बन्धी अभिमुखीकरण, तालिम कार्यक्रमलाई निरन्तरता दिइनेछ। सम्पूर्ण व्यक्तिगत घटना दर्ताहरूलाई ३५ दिनभित्र दर्ता गर्न सचेतनाका कार्यक्रमहरू सञ्चालन गरिने छ।

**९७. कर्मचारी, जनप्रतिनिधि, लाभग्राही कार्यक्रम**

लाभग्राहीको आवश्यकता र गुनासोको सम्बोधन गर्न कर्मचारी, जनप्रतिनिधि, लाभग्राही अन्तरसम्बाद कार्यक्रम गरिने छ।

## <u>३. पूर्वाधार विकास क्षेत्र</u>

**<u>उपक्षेत्र १ : आवास, भवन तथा बस्ती विकास</u>**

**९८. भवन संहिता कार्यान्वयन:**

सङ्घीय सरकार र प्रदेश सरकारको साझेदारीमा भवन संहितालाई कडाईका साथ कार्यान्वयन गर्दै विपद् उत्थानशील (Disaster Resilience) पूर्वाधार संरचना निर्माणलाई अनिवार्य गरिनेछ। उत्थानशील नगर निर्माण गर्नका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदार संस्थाहरुसँग सहकार्य र समन्वय गरिनेछ।

**९९. सुरक्षित आवास कार्यक्रम:**

अति विपन्न, एकल र सीमान्तकृत परिवारहरूको पहिचान गरी स्थानीय, प्रदेश र सङ्घीय सरकारको समन्वय र सहकार्यमा सुरक्षित नागरिक आवास निर्माण गरिनेछ।

**१००.वस्ति विकास:**

सार्वजनिक-निजी साझेदारीमा व्यवस्थित बस्ती विकास कार्यक्रम लागू गरिनेछ। भू-उपयोग ऐन र नियमावली बमोजिम भू-उपयोग योजनामा वर्गीकरण भए बमोजिम भूमिको समुचित उपयोग मार्फत व्यवस्थित वस्ति विकास गरिनेछ। प्राथमिकताका आधारमा साझेदारी र सहकार्यमार्फत एक वडा: एउटा सामुदायिक भवन निर्माण गरिनेछ। सूर्योदय नगर क्षेत्रभित्र रहेका पर्यटकीय सम्भावना बोकेका शहर उन्मुख क्षेत्र पहिचान गरि एक रङ्ग शहरको रूपमा विकास गर्दै लगिनेछ।

**१०१.निर्माणको मापदण्ड:**

भूकम्प प्रतिरोधी भवन निर्माणलाई प्राथमिकता दिई अव्यवस्थित रूपमा जमिन/घडेरी खार्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ। नगर क्षेत्रभित्रको ढल निकासको गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ। पर्यावरण संरक्षणका लागि भवन निर्माण गर्दा **सेप्टिक ट्याङ्की, सोक पिट र रिचार्ज पिट** निर्माण कार्यलाई प्रोत्साहन गरिनेछ। नगरपालिका क्षेत्रभित्र व्यावसायिक प्रयोजनका लागि निर्माण भएका भवनहरुमा अनिवार्य पार्किङ्गको व्यवस्था गरिनेछ। नगर क्षेत्रभित्र निर्माण हुने आवासीय भवनमा एक घर, एक रुख नीति अवलम्बन गरिनेछ।

**१०२.सामाग्री र प्रविधि :**

घर निर्माण गर्दा स्थानीय सामाग्री प्रयोग गर्ने र जग्गाको संरचना अनुसार घर बनाउनेलाई नक्सा पास दस्तुरमा २५% छुट दिइनेछ। तालिम प्राप्त कालिगडबाट घर बनाउन प्रोत्साहनका लागि कालीगढ तालिम सञ्चालन गरिनेछ। भवन संहिता सम्बन्धी प्राविधिक जनशक्तिलाई साझेदार संस्थाहरूको समन्वय र सहकार्यमा क्षमता विकास तालिम प्रदान गरिनेछ।

**१०३.भवन व्यवस्थापन**

नगर क्षेत्रभित्र निर्माण भएका निजी तथा सार्वजनिक भवनहरूको घर नम्बर निर्धारण गरी व्यवस्थापन गरिनेछ। निर्माणका लागि सडक क्षेत्राधिकार र नगर यातायात गुरुयोजना (MTMP) मा तोकिएको मापदण्डमा राखिनेछ। सेवा प्रवाहलाई प्रभावकारी बनाउन नगर प्रशासनिक भवन निर्माण र वडा कार्यालय भवनलाई प्राथमिकताको आधारमा स्तरोन्नति गर्दै लगिनेछ।

**उपक्षेत्र २ : सडक, पुल तथा यातायात**

**१०४.सडक निर्माण र स्तरोन्नतिको योजना र प्राथमिकता**

नगर यातायात गुरुयोजना (MTMP) अनुसार नगरभित्रका सबै सडक प्राथमिकताका आधारमा निर्माण तथा स्तरोन्नति गर्न नगरपालिका, प्रदेश, सङ्घ र अन्य दातृ निकाय बीच सहकार्य र समन्वयको नीति लिइनेछ। सूर्योदय नगरपालिकाको आवधिक योजना र नगर यातायात गुरुयोजना अनुसार प्राथमिकताका आधारमा सडक सञ्जाल निर्माणको कार्यलाई निरन्तरता दिइनेछ।

**१०५.समन्वय र सहकार्य**

नगर क्षेत्रमा सञ्चालित सबै भौतिक कार्यक्रम तथा योजनाहरूको तयार गरिएको DPR र DEDR लाई स्थानीय, प्रदेश र सङ्घीय सरकारको सहकार्य र समन्वयमा प्राथमिकताको आधारमा कार्यान्वयन गरिनेछ। सङ्घीय, प्रदेश र स्थानीय सरकारका कार्यक्रममा समावेश सम्भाव्यता अध्ययन र निर्माण कार्यलाई सार्वजनिक निजी साझेदारी (PPP) मा कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ। सङ्घीय सरकार र प्रदेश सरकारको समन्वयमा तपसिलको सडकहरूको स्तरोन्नति, कालो पत्रे गर्ने कार्यका लागि आवश्यक समन्वय र सहजीकरण गरिनेछ।

- सीमा सडक कालो पत्रे
- छिपिटार श्रीअन्तु बौद्धधाम सडक स्तरोन्नति
- ऋषिमोड गोर्खे मानेभञ्ज्याङ्ग सडक कालोपत्रे।
- सूर्योदय रिङरोड कालोपत्रे।
- हर्कटे रम्भ्याङ्ग सडक स्तरोन्नति

**१०६.पूर्वाधार निर्माण तथा मर्मत सम्भार**

बाह्रमासे सडकहरूलाई निरन्तरता दिई प्राथमिकताका आधारमा पक्की सडकमा परिणत गरी नगर गौरव आयोजना सञ्चालनलाई निरन्तरता दिइनेछ। प्रस्तावित निर्माणाधीन तथा निर्माण गरिएका सडक तथा अन्य पूर्वाधारहरूको निर्माण तथा सञ्चालन, मर्मत सम्भार र संरक्षणका लागि आवश्यक मेसिनरी उपकरण तथा औजारहरूको उचित व्यवस्थापन र परिचालन गरिनेछ।

**१०७.सडक सञ्जाल र अन्य पूर्वाधारको विकास**

नगर क्षेत्रभित्रका प्रमुख बजार तथा पर्यटकीय स्थलमा प्राथमिकताका आधारमा पार्किङ, सार्वजनिक शौचालय, प्रतीक्षालय, सूचना बोर्ड जस्ता पूर्वाधार निर्माण गरिनेछ। सूर्योदय नगर चक्रपथ निर्माण कार्यलाई निरन्तरता दिइनेछ। भौतिक पूर्वाधार आयोजनाहरू प्रधानमन्त्री रोजगार कार्यक्रमसँगको सहकार्य र साझेदारीमा सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ। सूर्योदय नगरपालिकाका १४ वटै वडा कार्यालयलाई नगर कार्यपालिकाको कार्यालयसँग जोड्ने सडक सञ्जाललाई उच्च प्राथमिकता दिई स्तरोन्नति र कालो पत्रे गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

**१०८.सडक क्षेत्राधिकार**

मेची राजमार्गको सडक क्षेत्राधिकार कायम राख्ने कार्यलाई निरन्तरता दिँदै सडक क्षेत्राधिकार कायम भएका क्षेत्रको निर्माण कार्यलाई प्राथमिकतामा राखी सङ्घीय सरकारसँगको समन्वयमा निर्माण कार्य अगाडि बढाइनेछ। नगरपालिका क्षेत्रभित्रका स्थानीय सडकको तोकिएको सडक क्षेत्राधिकारभित्र पर्ने जग्गाहरूको लगत कट्टा गर्ने प्रक्रियालाई प्राथमिकताका साथ अघि बढाइनेछ। नगर क्षेत्रभित्रको प्रदेश र राष्ट्रिय स्तरका सडकको क्षेत्राधिकार निर्धारण गर्न सडक डिभिजन कार्यालयसँग समन्वय गरी लगत कट्टा गर्ने प्रक्रिया अघि बढाइनेछ। वातावरण मैत्री पूर्वाधार निर्माणका लागि सडकको दायाँ बायाँतर्फ वृक्षारोपण गर्ने कार्यलाई अघि बढाइनेछ।

**१०९.नियमित मर्मत सम्भार तथा आवागमनमा सहजता**

नगर यातायात गुरुयोजना (MTMP) मा समावेश सडकमा मात्रै लगानी गर्ने नीति अवलम्बन गरिनेछ। नगर क्षेत्र भित्रका सडकको मर्मत सम्भार सडक बोर्ड नेपालसँगको साझेदारीमा गरिनेछ। नगर भित्रका सडकहरूमा नियमित आवागमन सुनिश्चित गर्न सडक मर्मत सम्भार योजना तर्जुमा गरी मेशिन उपकरणको प्रयोग गरी कार्यान्वयन गरिनेछ। नियमित आवतजावतमा बाधा पुऱ्याउने कार्यहरू (जस्तै सडकमा निर्माण सामग्री राख्ने, काठको गोलिया राख्ने, पसल राख्ने आदि) लाई निरुत्साहित गरिनेछ। स्थानीय सडकको भार वहन क्षमता अनुसार सवारी साधन सञ्चालनको सम्बन्धमा आवश्यक नियमन र व्यवस्थापन गरिनेछ। सडक मर्मत सम्भार कार्यमा नगरपालिकाको स्वामित्वमा रहेको मेशिनको प्रयोगलाई प्राथमिकता दिइनेछ। सडक अनुगमन प्रणालीलाई निरन्तरता दिइनेछ। शहरी क्षेत्र भित्रको ट्राफिक व्यवस्थापन र सडक सुरक्षाका क्षेत्रमा ट्राफिक प्रहरीसँग समन्वय र सहकार्य गरिनेछ। पूर्वाधार निर्माण संरचनाहरू दिगो र उपयोगी बनाउन उक्त संरचनाहरुको रेखदेख, संरक्षण, मर्मत सम्भारमा टोल विकास संस्थालाई जिम्मेवार बनाउने नीति अवलम्बन गरिनेछ।

**११०.झोलुङ्गे तथा पक्की पुल:**

नगरका विभिन्न स्थानमा आवश्यकताअनुसार झोलुङ्गे पुल निर्माण र निर्माण भएका पुलको संरक्षण गर्ने नीति लिइनेछ। झोलुङ्गे पुलको नियमित मर्मत सम्भारका लागि तोकिएका पुल संरक्षकहरूलाई आधारभूत मर्मत तालिम र सामग्री उपलब्ध गराइनेछ। नगर क्षेत्रभित्र रहेका र अन्तरपालिका जोड्ने मोटरेवल पक्की पुलहरूको संरक्षण, निर्माण र मर्मत सम्भारका लागि सङ्घ, प्रदेश र स्थानीय तहहरूबीच समन्वय र सहकार्य गर्ने नीति लिइनेछ।

**<u>उपक्षेत्र ३ : जलस्रोत, जलविद्युत तथा स्वच्छ उर्जा</u>**

**१११.विद्युत पहुँच र वितरण:**

विद्युत विस्तारलाई व्यवस्थित बनाउन काठे पोल प्रतिस्थापन गर्न सम्बन्धित निकायहरूसँग सहकार्य र समन्वय गरिनेछ। केन्द्रीय प्रसारण लाइनको पहुँच नभएका टोल बस्तीमा विद्युत सेवा विस्तार गर्न नेपाल विद्युत प्राधिकरणसँग समन्वय गर्नुका साथै अति गरिब परिवारका लागि वैकल्पिक ऊर्जाको व्यवस्था गरिनेछ। टोल, बस्ती र घर उज्यालो बनाउन सरोकारवालाको सहभागितामा वैकल्पिक ऊर्जा (सौर्य ऊर्जा) को विस्तार गरिनेछ। साना, मझौला र ठूला उद्योग धन्दा र व्यापारिक केन्द्रसम्म तीन फेजको लाइन विस्तार गर्न विद्युत प्राधिकरणसँग समन्वय गरिनेछ।

**११२.वैकल्पिक ऊर्जा:**

वैकल्पिक ऊर्जाको सम्भावना पहिचान गरी सरोकारवालाहरूसँगको समन्वयमा ऊर्जा प्रतिस्थापनको नीति अवलम्बन गरिनेछ ।खनिज इन्धनको प्रयोगलाई न्यूनीकरण गर्दै विद्युतीय उपकरण र सामग्रीको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।समुदायसँगको साझेदारीमा पर्यटकीय क्षेत्र, भवन, सार्वजनिक स्थान, बजार क्षेत्र र कालो पक्की सडक क्षेत्रभित्रका गाउँहरूमा सौर्य बत्ती जडान गर्ने नीति अवलम्बन गरिनेछ।

**११३.पावर लाइन व्यवस्थापन:**

हाइटेन्सन विद्युत लाइनको प्रभावित क्षेत्रमा भौतिक संरचना निर्माणलाई निरुत्साहित गरिनेछ। सामुदायिक विद्युत आयोजनालाई नेपाल विद्युत प्राधिकरणको स्वामित्वमा ल्याउन निरन्तर प्रयास गरिनेछ। सङ्घीय र प्रदेश सरकारको साझेदारीमा विद्युत् प्रसारण लाइनलाई सुरक्षित र वैज्ञानिक बनाउन र बजार क्षेत्रका विद्युत वितरणका तारहरूलाई इन्सुलेटेड तारमा परिणत गर्न पहल गरिनेछ। नगर क्षेत्रमा विद्युतीय सवारी साधनहरूको चार्जिङ्ग स्टेशन स्थापनाका लागि सङ्घीय र प्रादेशिक सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

<u>**उपक्षेत्र ४ : सूचना सञ्चार तथा प्रविधि**</u>

**११४.सार्वजनिक सेवामा पारदर्शिता र पहुँच:**

सार्वजनिक सेवालाई सुलभ र पारदर्शी बनाउन नगरपालिकालाई सूचना प्रविधिमैत्री नगरको रूपमा विकास गरिनेछ। नगरपालिका र अन्तरगतका कार्यालयको कामलाई अनलाइन प्रणालीमा आबद्ध गर्दै सेवाग्राहीलाई सूचना प्रविधिको पहुँच पुर्‍याउन प्रचार प्रसारका कार्यक्रम सञ्चालन गरिनेछ।

**११५.इन्टरनेट र डिजिटल साक्षरता:**

नगर क्षेत्रभित्रका सार्वजनिक संस्था, विद्यालय, स्वास्थ्य केन्द्र र अन्य संस्थाहरूमा इन्टरनेट सुविधालाई थप प्रभावकारी र सुदृढ बनाइनेछ। इन्टरनेट सेवा प्रदायक संस्थाहरूसँगको समन्वय र सहकार्यमा द्रुत इन्टरनेट पहुँच विस्तार गर्न पहल गरिनेछ। नगरबासीहरूमा डिजिटल साक्षरता विकास गर्न आवश्यक तालिम र कार्यक्रमहरू सञ्चालन गरिनेछ। नगरको मोबाइल एप र कार्यालयको वेबसाइटलाई नगरबाट प्रवाह हुने सेवासँग आबद्ध गरी नगरका सबै सूचना तथा सेवाहरूमा सहज पहुँच स्थापना गरिनेछ।

**११६.मिडिया र सञ्चार:**

इलाम जिल्लाबाट सञ्चालित सञ्चार माध्यमबाट जनहितका विज्ञापन प्रसारण गर्ने नीति लिइनेछ। राज्यको चौथो अङ्गका रूपमा स्थापित सञ्चारकर्मीसँगको सहकार्यमा विकास पत्रकारितालाई प्रोत्साहन गरिनेछ। साथै सञ्चारकर्मीको क्षमता विकास, संस्थागत विकास र सुरक्षाका लागि सम्बन्धित निकायसँग सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ।

**११७.विद्युतीय प्रणालीहरूको स्थापना र सुदृढीकरण**

कार्यालयमा सञ्चालनमा रहेका विद्युतीय प्रणालीहरूलाई एकीकृत गरी Integrated System को प्रयोगलाई थप प्रभावकारी बनाइनेछ। आवश्यकता र प्राथमिकताको आधारमा नयाँ प्रणालीहरूको स्थापना गर्दै लगिनेछ। हाल सञ्चालनमा रहेका विद्युतीय प्रणालीहरूलाई आवश्यकता अनुसार थप स्तरोन्नती र परिमार्जन गर्दै लगिनेछ। प्रणाली प्रयोगमा सहजता ल्याउनको लागि कर्मचारी र जनप्रतिनिधिहरूलाई क्षमता अभिवृद्धि गरिनेछ। सञ्चालनमा रहेका प्रणालीको सुरक्षाका लागि स्पष्ट जिम्मेवारी तोकि IT Audit कार्यलाई अघि बढाइनेछ।

**११८.विद्युतीय तथ्याङ्कको सुरक्षा प्रणाली**

सूचना प्रविधि प्रणालीको सुरक्षा गर्न क्षमता अभिवृद्धि गर्दै उपलब्ध विधि, प्रविधि र जनशक्तिको संयोजनबाट सूचना प्रविधि प्रणालीमा हुन सक्ने सम्भावित क्षतिलाई न्यूनीकरण गर्न र विद्युतीय माध्यमबाट सरकारी कार्य सञ्चालन तथा सेवा प्रवाह गर्न आवश्यक सूचना प्रविधि प्रणालीको संरचनामा रहेका सुरक्षा जोखिमहरू पहिचान, जोखिम न्यूनीकरण गर्न र भविष्यमा त्यस्ता सूचना प्रविधि प्रणालीहरूको सुरक्षा व्यवस्था गर्न सूचना प्रविधि

विभागसँग आवश्यक समन्वय गरिनेछ। विद्युतीय प्रणालीहरूको सुरक्षाका लागि firewall को व्यवस्था गरिनेछ। प्रविधिको स्वचालित प्रयोग, तथ्याङ्कको सुरक्षा र प्रभावकारी व्यवस्थापनको लागि Cloud Based Server सञ्चालनमा ल्याइनेछ। तथ्याङ्क सुरक्षा, प्रयोगकर्ता व्यवस्थापन र पहुँचमा सुरक्षाको लागि न्यूनतम मापदण्ड निर्धारण गरी कार्यान्वयन गरिनेछ।

**११९.प्रविधि सहायता कक्ष:**

प्रविधिमा आधारित कार्यसम्पादन प्रणालीको बढ्दो उपयोग र त्यसका लागि नगरपालिकाबाट उपलब्ध गराउन पर्ने प्राविधिक सहयोगलाई व्यवस्थित गर्न कार्यपालिकाको कार्यालयमा प्रविधि सहायता कक्ष सञ्चालनमा ल्याइनेछ।

## ४. वन तथा वातावरण

### उपक्षेत्र १ : वन, हरियाली, भू संरक्षण तथा जैविक विविधता

**१२०.वन संरक्षण र व्यवस्थापन:**

नगरबासीले आफ्नो नम्बरी आवादीको रुख कटान गर्नुपरेमा ३३ इन्च भन्दा कम गोलाई भएका रुख कटानमा रोक लगाइनेछ। सरपट कटानीलाई कडाईकासाथ निषेध गरिनेछ। वडा समितिको उपस्थितिमा सर्जमिन सिफारिसको आधारमा नगरपालिकाले छपान कटान स्वीकृति उपलब्ध गराउनेछ। सार्वजनिक वनक्षेत्र, सडक तथा राजमार्गको किनारमा र उपयोग विहीन सार्वजनिक, सरकारी जग्गामा फलफूल लगायत अन्य प्रजातिका बिरुवा रोपण गर्ने र संरक्षण गर्ने कार्यक्रम अभियानको रूपमा सञ्चालन गरिनेछ।नगरलाई हराभरा स्वच्छ बनाउन खाली क्षेत्रमा अनिवार्य बिरुवा रोपण कार्यलाई प्रोत्साहन गरिनेछ।रुख कटान मापदण्डको कार्यान्वयन, व्यापक वृक्षारोपणका लागि बिरुवा वितरण गरी वातावरणीय जोखिम न्यूनीकरण र वनको सुरक्षा नीति पूर्ण रूपमा कार्यान्वयन गरिनेछ। भौगोलिक बनावटको आधारमा दिगो वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गरिने नीति लिइनेछ वातावरणीय संरक्षण तथा प्राकृतिक स्रोतको दिगो व्यवस्थापनमा जनसहभागिता जुटाउँदै लगिने नीति अवलम्बन गरिनेछ। सबै सरोकारवालाहरूको सहकार्यमा वृक्षारोपण गर्ने गरी अभियान सञ्चालन गरिनेछ।

**१२१.वातावरण तथा जलवायु**

जलवायु परिवर्तनबाट परेको प्रतिकूल असरहरूलाई न्यूनीकरण गर्ने तथा वातावरणीय संरक्षण सम्वर्द्धनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवालहरूबीच प्रविधि, ज्ञान तथा सीपको अनुसरण गर्दै टोल, समुदाय केन्द्रित कार्यक्रमहरू सञ्चालन गरिनेछ। भू-उपयोग वर्गीकरणमा निर्धारण भए अनुसार मात्र पूर्वाधार विकासका लागि आवश्यक पर्ने नदी जन्य एवम् खानी जन्य ढुङ्गा, गिट्टी, बालुवा, माटो, ग्राभेल जस्ता वस्तुहरूको उत्खनन व्यवस्था गरिनेछ।

**१२२.वातावरण मैत्री स्थानीय शासन कार्यक्रम:**

खानेपानी मुहान तथा स्रोत संरक्षण, ताल, पोखरी तथा सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन, वन संरक्षण तथा दिगो व्यवस्थापन जैविक विविधताको संरक्षण, समुदाय तथा विद्यालयमा वातावरणीय शिक्षा, ध्वनि प्रदूषण नियन्त्रण लगायत आधारभूत वातावरणीय सूचकहरूको कार्यान्वयन गर्दै नगरपालिकालाई वातावरण मैत्री स्थानीय शासनको निम्ति योजनाबद्ध कार्यक्रमहरूको थालनी गरिनेछ। वातावरणीय प्रदूषण नियन्त्रणका लागि वायु प्रदूषण परीक्षण केन्द्रको स्थापना गरि कार्यान्वयनमा ल्याइनेछ।

**१२३.पानीका मुहान र स्रोतहरूको संरक्षण**

पानीको स्थानीय श्रोत तथा मुहान संरक्षण गर्ने नीति अङ्गीकार गरिनेछ।नगर क्षेत्रभित्र रहेका सुख्खा क्षेत्रहरूमा आकाशे पानीको सदुपयोग गर्न पानी भकारीको नीति लिइनेछ। ताल, पोखरी र सिमसारको दिगो व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ।

**१२४. विपद् व्यवस्थापन, जलवायु परिवर्तन र दिगो व्यवस्थापन कार्यक्रम**

आगलागी, डढेलो, दुर्घटना, बाढी, पहिरो, वर्षा लगायतका घटना नियन्त्रणका लागि सङ्घ प्रदेशको सहकार्यमा उपयुक्त उपकरणको व्यवस्था गरिनेछ । जोखिमबारे संवेदनशीलता जगाउन र जलवायु सङ्कटले उत्पन्न प्रकोपहरूको बारेमा वडा-वडासम्म  सचेतना तथा प्रतिकार्यको निम्ति ड्रिल र आवश्यक सामग्रीको व्यवस्था गरिनेछ । दुर्घटनाबाट सख्त घाइते भएकालाई शीघ्र उद्धार गरी उपचार गर्न एम्बुलेन्स, दमकल, नगर प्रहरी तथा स्वास्थ्यकर्मी एकीकृत रूपमा परिचालन हुनेगरी आपतकालीन कार्य सञ्चालन केन्द्र थप व्यवस्थित गरी सञ्चालनमा ल्याइनेछ । विपद् पश्चातको क्षतिपूर्ति, पुनर्भरण, राहत व्यवस्थापन र पुन:निर्माणका लागि बीमा लगायत जोखिम हस्तान्तरणका सम्भाव्य उपायहरूको अवलम्बन गरिनेछ । सङ्घीय, प्रदेशिक र अन्य स्थानीय तह साथै विकास साझेदारको सहकार्यमा विपद् पूर्वतयारी, जोखिम पहिचान, जोखिम आकलन, जोखिम पूर्व चेतावनी, विपद् प्रतिकार्य तयारी तथा विपद् जोखिम न्यूनीकरण र पुन:लाभको क्रियाकलापहरू समन्वयात्मक ढङ्गबाट गर्न सबै सम्भाव्य उपायहरूको पहिचान र अवलम्बन गरिनेछ । उत्थानशील नगर निर्माणको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डहरूलाई कार्यान्वयन गरिनेछ ।

**१२५.जैविक विविधता संरक्षण तथा प्रवर्द्धन**

जैविक विविधताको संरक्षण एवम् प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ । पूर्वाधार आयोजनाहरूमा वृक्षारोपण गरी वातावरण र विकासबीच सन्तुलन सुनिश्चित गरिनेछ । लोपोन्मुख जीवजन्तुको संरक्षणका लागि विशेष ध्यान दिइनेछ । वायोमेट्रीक वोटानिकल पार्क निर्माण तथा सञ्चालन गर्ने नीति लिइनेछ । जैविक विविधता र स्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने  लाभ वृद्धि गर्दै न्यायोचित वितरण  सुनिश्चित गरिनेछ ।

**<u>उपक्षेत्र २ :  वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन :</u>**

**१२६.खुला चरण क्षेत्रको व्यवस्थापन**

नगरपालिकाक्षेत्रमा रहेको खुला पशु चरन क्षेत्रहरूका कारण वनजङ्गल, हरियाली नासिदै गएकोले वनजङ्गल जोगाउन र वृक्षरोपण गरीएको ठाउँको उचित संरक्षण गर्न उक्त क्षेत्रहरूमा खुला चरिचरनलाई समुदायको सहभागितामा व्यवस्थित गरिनेछ ।

**१२७.फोहोरको न्यूनीकरण र वर्गीकरण:**

फोहोरको न्यूनीकरण, वर्गीकरण र पुन: प्रयोगका लागि सचेतनामूलक कार्यक्रम तथा तालिम सञ्चालन गरिनेछ । फोहोरको प्रकृतिअनुसार फोहोर सङ्कलन केन्द्रहरू सञ्चालन गर्न वडा समितिहरूलाई प्रोत्साहन गरिनेछ।जैविक फोहोर व्यवस्थापनका लागि होम कम्पोष्टिङ प्रविधिको प्रवर्द्धन गरिनेछ।  फोहोरको वर्गीकरण गरि फोहोरलाई समेत आम्दानीको श्रोत बनाउन प्रदेश सरकार र विकास साझेदार समेतको सहकार्यमा Solid Waste Management Program (SWMP) लाई  प्रभावकारी रूपमा अगाडी बढाइनेछ । फोहोरमैला व्यवस्थापनमा कार्यरत कर्मचारीहरूलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।

**१२८.सार्वजनिक-निजी साझेदारी:**

नगर क्षेत्रभित्र उत्सर्जन हुने फोहोरलाई सार्वजनिक–निजी साझेदारीबाट व्यवस्थापन गर्न पहल गरिनेछ ।आफ्नो टोल सफा राखौं अभियान मार्फत नगर सफा राख्ने कार्यमा टोल विकास संस्थाहरूसँग सहकार्य गरिनेछ । स्थानीय समुदायले व्यवस्थापन गर्ने सार्वजनिक स्थानमा शौचालय निर्माण गरिनेछ ।पर्यटकीय क्षेत्रमा फोहोर व्यवस्थापन गर्न निजी संस्थासँग सहकार्य गरिनेछ । मापदण्ड अनुसार ढलको उचित व्यवस्थापन गरिनेछ।

**१२९.प्लास्टिक र सिसाजन्य फोहोरको व्यवस्थापन:**

मदिराजन्य सिसाको फोहोर व्यवस्थापनको लागि मदिरा उद्योगका आधिकारिक विक्रेताहरूलाई जिम्मेवार बनाइनेछ । मिनरल वाटरका बोतल लगायतले वातावरणमा पार्न सक्ने प्रभावलाई न्यूनीकरण गर्नका लागि आवश्यक प्रबन्ध गरिनेछ ।

**१३०.फोहोरमैला व्यवस्थापन**

फोहोरमैलाको व्यवस्थित विसर्जन, वातावरण संरक्षण र वातावरण पुन:स्थापनाका लागि सबै तहका सरकार, विकास साझेदार संस्था, नागरिक समाज, समुदाय र निजी क्षेत्रबीच सहकार्य र समन्वय गरिनेछ। वातावरण मैत्री स्थानीय श्रोत साधनबाट निर्माण गरिने सामाग्रीलाई फोहोरमैला व्यवस्थापनको लागि प्रोत्साहन एवं प्राथमिकता दिने नीति लिइनेछ।

**<u>उपक्षेत्र ३ : विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलन</u>**

**१३१.विपद् जोखिम न्यूनीकरण :**

विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि जनचेतनामूलक कार्यक्रम, तालिम तथा प्रशिक्षण सञ्चालन गरिनेछ। विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभको क्षेत्रमा काम गर्ने वन, वातावरण तथा विपद् व्यवस्थापन समितिलाई सक्रिय गरी विपद् व्यवस्थापन कोष परिचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

**१३२.विपद् जोखिम नक्साङ्कन:**

भूउपयोग वर्गीकरण मार्फत विपद् जोखिम रेखाङ्कन र नक्साङ्कनको कार्यलाई निरन्तरता दिइनेछ। विपद् पूर्वतयारी र प्रतिकार्यलाई प्रभावकारी बनाउन विपद् पूर्व तयारी सूचना प्रणाली (EWS) को स्थापना गरि कार्यान्वयन गरिने छ। विपद् जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन गरिनेछ। स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकहरूमा विपद् जोखिमसँग सम्बन्धित स्थानीय स्रोत, ज्ञान र सीपहरू प्रयोग गर्ने अवधारणा समावेश गरिनेछ। विपद् जोखिमको प्रभावको रेखाङ्कन गरी उक्त तथ्याङ्कहरू विभिन्न माध्यमबाट प्रसारित गरिनेछ। नगर क्षेत्र रहेका सबै सामुदायिक तथा सरकारी संरचनाको जोखिम नक्साङ्कन गरी जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन गरिनेछ।

**१३३.संवेदनशील वस्ती व्यवस्थापन:**

संवेदनशील भू-उपयोग क्षेत्रभित्रका बस्तीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण र विपद्बाट हुने क्षतीको न्यूनीकरणका लागि सङ्घ, प्रदेश र अन्य सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरिनेछ।

**१३४.जलवायु परिवर्तन अनुकूलन:**

स्थानीय जलवायु अनुकूलन योजना तयार गरी कार्यान्वयन गरिनेछ। नगर क्षेत्रमा जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न सरोकारवालासँग समन्वय गरी विद्यालय स्तरमा जलवायु परिवर्तन र वातावरण संरक्षण सम्बन्धी विद्यालय स्तरमा तालिम एवम् सचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछ। यसका लागि सङ्घ, प्रदेश र सम्बन्धित सरोकारवालाको सहयोग जुटाउने नीति लिइनेछ।

**१३५.वन्यजन्तु व्यवस्थापन:**

जङ्गली जनावरको आक्रमण तथा द्वन्द्वलाई न्यूनीकरण गर्नको लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ। वन्य जन्तुलाई मन पर्ने फलफूल, प्रजातिहरूलाई अभियानका रूपमा वृक्षारोपण गर्ने नीति लिइनेछ।

**१३६.पूर्वाधार:**

सूर्योदय नगरपालिकाका सबै वडा र टोल बस्तीमा एम्बुलेन्स र दमकलको आवागमनलाई ध्यानमा राखी सडक मापदण्ड निर्धारण गरिनेछ। आगलागी नियन्त्रणका लागि पानी संकलन ट्यांकी र पोखरी निर्माण गरी संरक्षण गरिनेछ।

**१३७.सहकार्य र समन्वय:**

Making Cities Resilience-2030 (MCR-2030) को लक्ष्य प्राप्तिका लागि सङ्घीय सरकार, प्रदेश सरकार साथै United Nations Office for Disaster Risk Reduction (UNDRR) लगायतका सरोकारवाला निकायहरूसँग सहकार्य र साझेदारी गर्दै जाने नीति अवलम्बन गरिनेछ।

## ५. सुशासन तथा संस्थागत विकास

### उपक्षेत्र १ : नीति, कानुन, न्याय तथा सुशासन

**१३८.विवाद समाधान:**

विवाद समाधानका लागि मेलमिलापको माध्यमलाई प्राथमिकता दिइनेछ । विवाद समाधानका लागि नगरपालिकामा रहेको मेलमिलाप समिति र मेलमिलापकर्ताहरूलाई थप सक्रिय बनाइनेछ। न्याय प्रशासनलाई छिटो, छरितो, सुलभ, निष्पक्ष, प्रभावकारी र जनता प्रति जवाफदेही बनाउन मेलमिलापकर्ताको लागि आधारभूत र पुनर्ताजगी तालिम, सहायता कक्षको स्थापना र कानुनी परामर्शको व्यवस्थापनलाई प्राथमिकता दिइनेछ । उत्कृष्ट मेलमिलापकर्तालाई पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

**१३९.मेलमिलाप केन्द्र:**

सबै वडामा स्थापना भएका मेलमिलाप केन्द्रको व्यवस्थापनमा थप सुधार गरिनेछ। न्याय कार्यान्वयनका लागि मेलमिलाप कर्तालाई आवश्यक र उपयुक्त स्रोत र साधन उपलब्ध गराइनेछ।

**१४०.कानुनी साक्षरता र नेतृत्व विकास:**

कानुनी साक्षरता र नेतृत्व विकास सम्बन्धी कार्यक्रमहरू सबै वडाका टोल-टोलमा सञ्चालन गरिनेछ।

**१४१.न्यायिक समितिको संस्थागत विकास:**

न्यायिक समितिको सचिवालयमा आवश्यक सामग्रीको उचित व्यवस्था गरी न्यायिक निरूपणको अभिलेख प्रक्रियामा सुधार गरिनेछ। न्याय प्रशासन र विवादको व्यवस्थापन भएपछि अनुगमन र निरीक्षण गर्न न्यायिक समितिलाई थप सक्रिय बनाइ अनुगमनलाई तीव्रता दिइनेछ। न्यायिक समितिको प्रथम जिल्ला सम्मेलनबाट पारित १४ बुँदे घोषणापत्रको कार्यान्वयन गरिनेछ।

**१४२.नीति तथा स्थानीय कानून निर्माण**:

आवश्यकता अनुसार नीति, कानुनको परिमार्जन गर्नुका साथै स्थानीय तहको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक थप कानुन निर्माण कार्यमा क्रियाशिल भई निर्माण भएका कानुनहरूको संशोधन गर्न सैद्धान्तिक, प्रक्रियागत, प्राविधिक सीप विकासलाई संस्थागत गर्दै लगिनेछ । कार्य सम्पादनसँग सम्बन्धित विषयमा आवश्यक कार्यविधि र निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

**१४३.सुशासन नीति:**

सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्वलाई थप सुदृढ तुल्याइनेछ । नागरिक वडापत्रको प्रभावकारी कार्यान्वयन गरिनेछ । सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, गुनासो चौतारी लगायतका सार्वजनिक उत्तरदायित्वका औजारहरूको कार्यान्वयनलाई थप प्रभावकारी र नियमित तुल्याइनेछ।

**१४४.पारदर्शिता:**

स्थानीय सरकारलाई जवाफदेही, पारदर्शी र जनताप्रति उत्तरदायी बनाउन नगरका महत्वपूर्ण बैठक तथा कार्यक्रमहरू फेसबुक, डिजिटल डिस्प्ले, एफ.एम., युट्युब जस्ता माध्यमबाट सार्वजनिक गरिनेछ । नगरपालिकाका निर्णयहरू, वित्तीय अवस्था तथा कार्यसम्पादनसँग सम्बन्धित सूचनाहरू नियमित रूपमा सार्वजनिक गरिनेछ।

**१४५.उपभोक्ता हित संरक्षण:**

**(क) अनुगमन र नियमन:**

उपभोक्ता हकको संरक्षणका लागि दैनिक उपभोग्य वस्तुहरू लगायत बजारको नियमित अनुगमनलाई सरोकारवालाहरूको समन्वयमा नियमित सञ्चालन गरिनेछ। अनुगमन कार्यका लागि बजेटको प्रवन्ध र दक्ष जनशक्तिको व्यवस्थापन गरिनेछ ।

**(ख) अत्यावश्यक वस्तुहरूको आपूर्ति र भण्डारणको लागि निगरानी प्रणाली:**

अत्यावश्यक वस्तुको आपूर्ति र भण्डारणको लागि अनुगमन प्रणालीको विकास गरी बजारमा एकाधिकार प्रवृत्ति, कृत्रिम अभाव र मुनाफाखोरी जस्ता आपूर्तिमा बाधा पुर्‍याउने गतिविधि रोक्न अनुगमन समितिलाई सक्रिय बनाइनेछ।

**(ग) सूचना र चेतना:**

उपभोक्ता हित संरक्षण गर्न सूचना तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। "सभ्य, स्वच्छ र समुन्नत समाज हाम्रो सपना: लागू औषध मुक्त नगर हाम्रो परिकल्पना" भन्ने मूल नाराका साथ लागु औषध दुर्व्यसनी विरुद्ध सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। "सेवन नगरौं धूम्रपान, मद्यपान : स्वस्थ बनी गरौं राष्ट्रलाई योगदान" भन्ने मूल नाराका साथ मदिरा तथा सूर्तिजन्य वस्तु नियन्त्रण र नियमनका लागि सचेतनामूलक कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।

**(घ) खाद्य सुरक्षा:**

खाद्य स्वच्छता कायम गर्न, खाद्यवस्तु र माछा मासुको आपूर्ति परीक्षण गर्न जनशक्ति र उपकरणको व्यवस्थापन र परिचालन गरिनेछ।

**(ङ) पेशागत स्वास्थ्य र सुरक्षा:**

पेशागत स्वास्थ्य र सुरक्षा सुनिश्चित गर्न होटेल र रेष्टुरेन्टका कामदारहरूका साथै होमस्टेमा काम गर्ने कामदारहरूको पेशागत स्वास्थ्य र सुरक्षा मापदण्डहरूको नियमित अनुगमन गरिनेछ।

**उपक्षेत्र २ : सङ्गठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह**

**१४६.संस्थागत क्षमता विकास:**

स्वीकृत क्षमता विकास योजनाको आधारमा मानव संशाधनलाई समयानुकूल दक्ष र क्षमतावान् बनाउनका साथै संस्थागत क्षमता विकासलाई प्राथमिकता दिइनेछ। आन्तरिक कार्य सम्पादनलाई व्यवस्थित र स्वचालित बनाउनका लागि कार्य सम्पादन कार्यविधिको निर्माण गरि लागु गरिनेछ। आन्तरिक कार्यसम्पादन प्रक्रियालाई प्रविधिमा आधारित बनाउँदै लगिनेछ।

**१४७.सार्वजनिक सेवामा पहुँच :**

सेवा सुविधामा नागरिकको समान र सहज पहुँच सुनिश्चित गर्न सार्वजनिक सेवालाई पहुँच योग्य, पारदर्शी, निष्पक्ष, भ्रष्टाचारमुक्त, जवाफदेही र सहभागितामूलक बनाउन संस्थागत क्षमता विकास गरिनेछ। सार्वजनिक सेवाको गुणस्तर अभिवृद्धि गर्नका लागि हाल कार्यान्वयनमा रहेको सार्वजनिक सेवाका मापदण्डलाई थप प्रभावकारी बनाउदै
लगिनेछ।

**१४८.आन्तरिक नियन्त्रण प्रणाली:**

जवाफदेहिता तथा पारदर्शिता प्रवर्द्धन गर्न, स्थानीय कानून, ऐन र नियमहरूको पालना गर्न गराउन र सो सम्बन्धी स्वचालित अनुगमन प्रणाली स्थापित गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई थप परिमार्जन गरी कार्यान्वयन गरिनेछ।

**१४९.मानव संसाधन व्यवस्थापन र क्षमता विकास :**

विधिको शासन, पारदर्शिता, परिणाममुखी व्यवस्थापन र जवाफदेहिताका आधारभूत सिद्धान्तहरूलाई प्रवर्द्धन गर्दै आधुनिक सञ्चार माध्यमको प्रयोग गरी मानव संसाधनको क्षमता र दक्षता अभिवृद्धि गरिनेछ। प्रचलित कानूनको अधीनमा रही रिक्त दरबन्दीमा पदपूर्ति, सेवा करार सम्झौताको नवीकरण र मौजुदा जनशक्तिलाई परिचालन गरिनेछ।

**१५०.सङ्गठनात्मक सर्वेक्षण:**

नगरपालिकाको राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी मौजुदा संरचनालाई थप व्यवस्थित बनाई सेवा प्रवाहलाई पारदर्शी, प्रतिस्पर्धी, मितव्ययी बनाउन सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनको क्रमश: कार्यान्वयन गरिनेछ।

**१५१.कार्यसम्पादन मूल्याङ्कन:**

नगरपालिकामा कार्यरत कर्मचारी र शिक्षकलाई कामको मूल्याङ्कनका आधारमा पुरस्कार र दण्डको नीति अवलम्बन गरिनेछ। कार्यसम्पादन करारका सूचकहरूको मूल्याङ्कन गर्न अङ्क भारमा आधारित सूचकहरूको निर्धारण गरी सो को मूल्याङ्कनलाई कर्मचारीको कार्यसम्पादनको मूल्याङ्कनको मूख्य आधार बनाइनेछ।

**१५२. उत्कृष्ट अभ्यासहरूको अनुसरण:**

सङ्घ, प्रदेश र अन्य पालिकाहरूको अतिरिक्त अन्तर्राष्ट्रिय असल अभ्यास र संस्कृतिलाई सेवा प्रवाह र विकास व्यवस्थापनमा आत्मसाथ गरिनेछ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रहनसहन, संस्कृति, भूगोल, जलवायु, उत्पादन जस्ता विषयमा आधारित भई अन्य नगरसँग भगिनी सम्बन्ध स्थापित गर्न पहल गरिनेछ।

**१५३.अनुगमन तथा समन्वय:**

सार्वजनिक सेवा प्रवाह र विकास व्यवस्थापनलाई पारदर्शी, जनमुखी, जवाफदेही, गुणस्तरीय र परिणाममुखी बनाउन नागरिक समाज र अन्य सरोकारवालाको समन्वय र सहकार्यबाट अनुगमन प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाउँदै लगिनेछ।.

**१५४.एकद्वार प्रणाली:**

कार्यालयबाट हुने सबै प्रकारका सेवा प्रवाहलाई व्यवस्थित गरी सेवाग्राही मैत्री सेवा प्रवाहका लागि नागरिक सहायता कक्ष र एकीकृत सेवा प्रवाह प्रणाली सञ्चालनमा ल्याइनेछ।

**<u>उपक्षेत्र ३ : राजश्व तथा स्रोत परिचालन</u>**

**१५५.वित्तीय स्रोत सङ्कलनको दायरा फराकिलो बनाउने**

स्थानीय कर सेवा शुल्क तथा दस्तुर संकलन गर्न Willingness to pay लाई प्रोत्साहन गरी Ability to pay बनाउन सरोकारबालासँग छलफल तथा परामर्श गर्ने कार्यलाई विस्तार गरिनेछ। वित्तीय श्रोत सङ्कलनको दायरा फराकिलो बनाउँदै नगरपालिका, सङ्घ र प्रदेश सरकार र अन्य संस्थाहरूसँगको सहकार्यमा वित्तीय साक्षरता कार्यक्रमलाई विस्तार गरिनेछ। कर संरचना र करको दरमा सुधार गरी कर प्रणालीलाई थप प्रगतिशील र समतामूलक बनाउँदै लगिनेछ। भूमिकर (मालपोत) लाई भू-उपयोग वर्गीकरणका आधारमा पुनरावलोकन गरिनेछ। निजी क्षेत्रलाई प्रोत्साहन गर्दै पूर्वाधार र सेवा क्षेत्रमा साझेदारी अभिवृद्धि गरिनेछ। राजश्व सुधार योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ।

**१५६.करदाता पहिचान**

करदाता पहिचानको लागि आगामी आर्थिक वर्ष २०८१/८२ मा सबै करदाताहरूलाई सूचीकृत गरिनेछ। यसका लागि परिचयपत्र वितरणलाई सबै वडामा विस्तार गरी करदाता शिक्षा कार्यक्रमलाई सुदृढ बनाइनेछ।

**१५७.राजश्व प्रशासनको संस्थागत सुधार**

राजश्व प्रशासनको क्षेत्रमा कार्यदक्षता र व्यावसायिकताका लागि आवश्यक संस्थागत सुधार गरिनेछ। राजस्व प्रशासनलाई थप व्यावसायिक र प्रभावकारी बनाउँदै जवाफदेही, दक्ष र किफायती बनाउन प्रविधिको प्रयोग गरी कर सङ्कलनको लागत घटाइनेछ। स्थानीय कर सेवा प्रणालीलाई व्यवस्थित, पारदर्शी र भौतिक क्षमतामा आधारित बनाउन आवश्यक कानून र नियमावली निर्माण गरिनेछ। कर भुक्तानी गर्न करदातालाई प्रोत्साहित गरिनेछ। अनुगमन तथा सुपरीवेक्षण कार्यलाई सशक्त बनाइने छ।

**१५८.लगानी र व्यवसाय मैत्री कर प्रणाली**

उत्पादनशील उद्योग तथा व्यवसायको संरक्षण र निकासी प्रवर्द्धनमा सहजीकरण गरी कर प्रणालीलाई लगानी र व्यवसाय मैत्री बनाइनेछ। कर प्रशासनलाई व्यवस्थित गर्न गैर सरकारी संस्थासँगको सहकार्यमा करदाता शिक्षा कार्यक्रमलाई विस्तार गरिनेछ।

**१५९.करदाताहरूका लागि छुट**

देशको असहज आर्थिक अवस्था र न्यून आर्थिक गतिविधिका कारण नागरिकमा पर्ने असरलाई ध्यानमा राखी आर्थिक विधेयक मार्फत सबै करदातालाई जरिवाना र अन्य छुटको प्रस्ताव गरिनेछ।

**१६०.प्रभावकारी सार्वजनिक खरिद:**

प्रचलित खरिद कानुनको अनुपालनका लागि क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ। खरिद प्रक्रियालाई पारदर्शी, प्रतिस्पर्धी एवं मितव्ययी तुल्याइनेछ।

**१६१.स्रोत परिचालन:**

सार्वजनिक स्रोतको विनियोजन दक्षता, कार्यान्वयन कुशलता तथा वित्तीय अनुशासन कायम गरिनेछ। आर्थिक प्रशासनलाई थप पारदर्शी, नतिजामूखी र सूचना प्रविधिमा आधारित बनाइनेछ।

**<u>उपक्षेत्र ४: तथ्याङ्क प्रणाली, योजना र विकास व्यवस्थापन</u>**

**१६२.तथ्याङ्क प्रणाली:**

नगरको वास्तविक अवस्था र आवश्यकताको पहिचान, सरोकारवालाहरूको लागि जानकारी एवं नीति, योजना र कार्यक्रम तर्जुमा र निर्णय प्रक्रियामा उपयोग गर्ने प्रयोजनका लागि नगरपालिकाको जनसङ्ख्या, आर्थिक अवस्था, भू-उपयोग, पूर्वाधार, सार्वजनिक सेवाको अवस्था जस्ता महत्त्वपूर्ण विषयहरूको तथ्याङ्क सङ्कलन र विश्लेषण गरी सो विषय क्षेत्रगत सूचना तथा जानकारी समावेश गरिएको वस्तुगत विवरण अद्यावधिक एवं प्रमाणीकरण गरी वेबसाइट र अन्य माध्यमबाट सरोकारवालाको पहुँच स्थापित गरिनेछ। सार्वजनिक सम्पत्तिको लगत व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ।

**१६३.लगानी प्रतिफलका सूचकको उपयोग:**

नगरपालिकाको योजना तर्जुमा तथा बजेट विनियोजनलाई नगरको वस्तुगत विवरण र भरपर्दो तथ्याङ्कको आधारमा निर्धारण गरिएको विषय क्षेत्रगत नतिजा सूचकलाई आधार बनाइनेछ र योजना तथा कार्यक्रमबाट अपेक्षित नतिजा हासिल भए नभएको मापन गरिनेछ। सङ्कलित तथ्याङ्कको मूल्याङ्कनका आधारमा निर्धारित परिणाम सूचकहरूमा प्रगतिको नियमित अनुगमन र मूल्याङ्कन गरि योजना कार्यान्वयनमा उपलब्धि र चुनौतीहरू पहिचान गर्ने, योजनाहरूको समीक्षा गर्ने र अपेक्षित नतिजा प्राप्तिका लागि आवश्यक कारबाही अघि बढाउने पद्धतिको अवलम्बन गरिनेछ। अनिवार्य दायित्व बाहेकका क्षेत्रमा लगानी र प्रतिफलको विश्लेषणका आधारमा विनियोजन गर्ने प्रणाली विकास गरिनेछ।

**१६४.सूचना प्रविधि मैत्री नगर:**

नगरपालिकालाई सूचना प्रविधि मैत्री नगरको रूपमा विकास गरिनेछ। विभिन्न क्षेत्रका खण्डित तथ्याङ्क र अभिलेखको संरक्षण र व्यवस्थापन गर्न नगर सूचना तथा अभिलेख केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइनेछ। विद्युतीय पुस्तकालय (ई-लाइब्रेरी) स्थापना गरी सञ्चालनमा ल्याइनेछ। सूचनाहरूलाई भौगोलिक सूचना प्रविधिमा आबद्ध गरिनेछ।

**१६५.परियोजना र कार्यक्रमको अनुगमन प्रणाली:**

आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन र मूल्याङ्कन सुनिश्चित गर्न, कार्यान्वयनको गुणस्तर कायम राख्न, कार्यतालिका एवं समय सीमाको पालनामा सुधार गर्न र समुदायमा परियोजना र कार्यक्रमहरूको प्रभावको मूल्याङ्कन अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइनेछ। अपेक्षित नतिजा प्राप्त भएको सुनिश्चित गर्न अनुगमन र मूल्याङ्कनका लागि स्पष्ट रूपमा परिभाषित र मापन योग्य नतिजाहरूमा आधारित

अनुगमन योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। निर्णय प्रक्रियालाई सहयोग गर्न र समयमै सुधार गर्नुपर्ने क्षेत्रको पहिचान गर्न सहयोग पुर्‍याउने उद्देश्यले नियमित प्रतिवेदन गर्ने पद्धतिको विकास गरिनेछ। अनुगमन प्रणालीलाई प्रभावकारी बनाउने सूचना प्रविधिको र प्रगतिको नतिजा सार्वजनिक गर्न सामाजिक सञ्जालको उपयोग गरिनेछ।अनुगमनका लागि जिम्मेवार पदाधिकारी एवं कर्मचारीको क्षमता अभिवृद्धि गरिनेछ। आयोजना र कार्यक्रमको अनुगमन निरीक्षण प्रणालीमा समुदायको सहभागिता सक्रियता अभिवृद्धि गरिनेछ।

**१६६.भौतिक पूर्वाधार विकास**

भौतिक पूर्वाधार निर्माण संरचना दिगो र भरपर्दो बनाउन उक्त संरचनाको रेखदेख, संरक्षण, मर्मत सम्भार कार्यमा समुदाय र टोल विकास संस्थालाई जिम्मेवार बनाउन समुदायलाई आयोजना हस्तान्तरण प्रक्रियाको थालनी गरिनेछ। भौतिक पूर्वाधार विकासमा गरिने लगानीको अपेक्षित उपलब्धिलाई सुनिश्चित गर्न वडा स्तरीय आयोजनमा रु.१ लाख र नगर स्तरीय आयोजनामा रु.५ लाखभन्दा कम विनियोजनलाई निरुत्साहित गरिनेछ। आयोजनाहरूलाई बाल मैत्री, अपाङ्ग मैत्री, सर्वव्यापी पहुँच, वातावरण मैत्री र विपद् जोखिम प्रतिरोधात्मक क्षमतालाई ध्यानमा राखी सञ्चालन गरिनेछ।

**१६७.सार्वजनिक निजी साझेदारी:**

पूर्वाधार, पार्क, बगैँचा, ऐतिहासिक महत्त्वका सडक, सम्पदा, रङ्गशाला, कभर्ड हल, बहुउद्देश्यीय कम्प्लेक्स, हाट बजार पूर्वाधार, फोहोरमैला व्यवस्थापन प्रणाली, पशुपंक्षी बधशाला, निजी क्षेत्र, सहकारी क्षेत्र र अन्य विकास साझेदार र सरोकारवालाहरूको साझेदारी, समन्वय र सहकार्यमा निर्धारण गरिएको सम्भाव्यता अध्ययनको प्राथमिकताका आधारमा निर्माण कार्य गर्दै लगिनेछ।

**१६८.आर्थिक अवस्थाको तथ्याङ्कको विश्लेषण:**

आर्थिक विकासलाई प्रवर्द्धन गर्न स्थानीय आर्थिक सर्वेक्षण, विकास तथा योजनाको पुनर्मूल्याङ्कन, समय सापेक्ष परिमार्जन, आर्थिक विकास संवाद जस्ता कार्यक्रमलाई अगाडि बढाइनेछ। गरिबी र बेरोजगारको तथ्याङ्क अद्यावधिक गरी लक्षित कार्यक्रमहरू सञ्चालन गर्न सङ्घ, प्रदेश र अन्य दातृ निकाय तथा संस्थाहरूसँग सहकार्य र समन्वय गर्ने नीति लिइनेछ। दिगो विकास लक्ष्य हासिल गर्ने गरी सबै विषयगत क्षेत्रहरूको नीति र कार्यक्रमहरू बीच अन्तर आबद्धता कायम गरिनेछ।

**१६९.सहभागितात्मक योजना तर्जुमा प्रक्रियाको अवलम्बन:**

नगरवासीको आवश्यकता र आकांक्षालाई सम्बोधन गर्न मागमा आधारित भई Bottom-up Approach बाट योजना तथा कार्यक्रम तर्जुमा गरिनेछ। योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका चरणहरूमा सरोकारवालाहरूको सहभागितामा वृद्धि गरी स्थानीय लाभग्राहीहरूको अपनत्व र स्थायित्व विकास गरिनेछ।

**१७०.दिगो विकासका लक्ष्य प्राप्तिको नियमित मूल्याङ्कन:**

दिगो विकास लक्ष्य स्वैच्छिक पुनरावलोकन प्रतिवेदनका आधारमा दिगो विकासका लक्ष्यहरूको स्थानीयकरण योजना निर्माण गरी तोकिएको समयावधिभित्र लक्ष्य प्राप्तिलाई सुनिश्चित गर्न नियमित अनुगमन, मूल्याङ्कन र सुधारको पद्धति अवलम्बन गरिनेछ।